का.जि.प्र.का.द.नं. १००/०५९/६०

८ मंसिर २०८१,
शनिबार
23 November, 2024
Saturday

मूल्य रु. ५/-


# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नै

वर्ष २२, अंक २७४ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

**सुन प्रकरण**

# तस्करी भेटिन्छ तस्कर भेटिँदैन



पटकपटक सुन तस्करीका घटनाहरू सार्वजनिक भइरहँदा पनि यो शृंखला रोकिएको छैन । यसबाट तातोपानी र केरुङ नाका सुन तस्करहरूको 'ट्रान्जिट प्वाइन्ट' बनेको छ

**निमिष झा/मध्यान्ह**
काठमाडौं, ७ मंसिर ।

गत वर्ष साउनमा राजस्व अनुसन्धान विभागले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट झन्डै १०० किलो सुन बरामद गर्‍यो । त्रिभुवन विमानस्थलको भन्सारबाट ठूलो परिणामको तस्करीको सुन यति सजिलै कसरी बाहिरियो भन्ने प्रश्न उठ्यो ।

यस घटनाले विमानस्थलको सुरक्षा संवेदनशीलता र भन्सार प्रशासनमाथि प्रश्न मात्र उठाएनन्, नेपाल सुन तस्करीको उर्वर भूमि रहेको पनि प्रमाणित गर्‍यो । तथापि, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ठूलो परिणाममा सुन तस्करी भएको यो नौलो घटना भने होइन ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले २६ असार २०७० मा काठमाडौंको कोटेश्वरबाट ३५ किलो सुन बरामद गरेको थियो । सुनसँगै कन्टेनरका चालक निमा छिरिङ पक्राउ परे तर सुनका मालिक मोहन अग्रवाल, ओमबहादुर बज्राचार्य, घ्याम्पे लामा पक्राउ परे पनि उनीहरू जिल्ला अदालतको आदेशमा धरौटीमा छुटे । त्यस्तै, ९ माघ २०७४ मा त्रिवि अन्तर्राष्ट्रिय पृष्ठ २ मा

## तस्करहरूको सजिलो बाटो

विगतमा तस्करहरूले चीनको खासाबाट भित्रिने विभिन्न सामान र कपडाहरूमा लुकाएर नेपाल ल्याउने गरेको सुन प्रहरीले विभिन्न स्थानबाट बरामद गर्ने क्रमसँगै तातोपानी सुन तस्करहरूको ट्रान्जिट प्वाइन्टको रूपमा चिनिँदै आएको छ ।

तातोपानीमा मात्र होइन, पछिल्ला दिनमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पनि सुन तस्करी हुने क्रम बढेको छ । कडा सुरक्षा रहने विमानस्थलमा कसको मिलेमतो छ भन्ने अझै पत्तो लागेको छैन ।

यसरी पटकपटक सुन तस्करीका घटनाहरू सार्वजनिक भइरहँदा पनि यो शृंखला रोकिएको छैन । यसबाट तातोपानी र केरुङ नाका सुन तस्करहरूको 'ट्रान्जिट प्वाइन्ट' बनेको छ । यता, वीरगन्ज भन्सारलगायत देशका अन्य नाकाहरूबाट पनि अवैध सुन नेपाल भित्रिने गरेको छ ।

अहिले सुन आयातमा सरकारले कडाइ गरेको छ । यसमा लाग्दै आएको भन्सारमा पनि वृद्धि गरिएको छ । वैदेशिक रोजगारीमा जानेहरूले विगतमा बिनाभन्सार ५० ग्रामसम्म सुन ल्याउन पाउने गरेको पृष्ठ २ मा

## हाइ प्रोफाइल कनेक्सन

माओवादी केन्द्रका उपाध्यक्ष कृष्णबहादुर महरादेखि कांग्रेस नेता खुमबहादुर खड्का, वामदेव गौतम, लोकमानसिंह कार्कीसहितका उच्च तहका व्यक्तिहरू सुन तस्करीमा संलग्न रहेका भन्दै सोधपुछ र अनुसन्धान भइरहेका पाइन्छ ।

महरा र उनका छोरा राहुल महरा मात्र होइन, विगतको एउटा सुन तस्करी काण्डमा तत्कालीन गृहमन्त्री तथा पूर्वउपप्रधानमन्त्री समेत भएका नेकपा एमालेका तत्कालीन नेता वामदेव गौतमको नाम पनि मुछिएको थियो ।

गत वर्ष १० पुसमा त्रिभुवन विमानस्थलमा ल्याइएको तस्करीको ९ किलो सुनमा महरा र उनका छोरा राहुल महराको संलग्नता रहेको पाइएको थियो । महरा बाबुछोरा पक्राउ परेर छुटिसके पनि उनीहरूमाथि भइरहेको अनुसन्धान टुंगिएको छैन । 'हाइ प्रोफाइल' केही व्यक्तिहरूको अनुसन्धानमा राज्यका सरोकारवाला निकायहरू सधैँ चुकिरहेका छन् । पृष्ठ २ मा

## अलपत्र प्रतिवेदन

सरकारले सुनको अवैध पैठारी (तस्करी) नियन्त्रणसम्बन्धी जाँचबुझ आयोग बनायो र यसले सरकारलाई प्रतिवेदन पनि बुझायो । तर, आयोगको सुझाव र सिफारिस कार्यान्वयन भएको छैन ।

यसअघि २०५५ र २०७५ सालमा सुन तस्करी काण्ड छानबिन गर्न गठित जाँचबुझ समिति र आयोगका प्रतिवेदन पनि कार्यान्वयन भएका छैनन् । उच्चपदस्थ व्यक्तिहरू जोडिएपछि २५ वर्षअघिको सुन तस्करीसम्बन्धी जाँचबुझ बीचैमा रोकिएको थियो भने ५ वर्षअघिको छानबिन प्रतिवेदन नै गायब पारिएपछि तस्करीका प्रभावशाली आरोपीले छुटकारा पाउँदै आएका छन् ।

गृह, अर्थ मन्त्रालय, अख्तियार अनुसन्धान आयोग, भन्सार, अध्यागमन, प्रहरी, प्रशासनलगायतका निकायले गरेका दर्जनौं छानबिन र अनुसन्धान पनि पृष्ठ २ मा

**आँखीझ्याल**




३ विरासत जोगाउन र किल्ला तोड्न कसरत





४ आमाको सम्झनामा एउटा शोककाव्य



नीतिगत र संस्थागत सुधारबिना पुँजीगत खर्च बढाउन कठिन ६

'परालको आगो'मा सुहाना ८




**बीआरआई**

# कांग्रेस प्रस्ट, छलफलमै एमाले

नेपाली कांग्रेस अनुदानमा मात्र बीआरआई परियोजना लिन सकिनेमा प्रस्ट छ । नेकपा एमाले सहुलितपूर्ण ऋण लिनेगरी सम्झौता गर्नुपर्ने पक्षमा छ । कांग्रेसको अडानपछि प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणका क्रममा बीआरआईबारे के गर्ने भन्ने छलफलमा एमाले नेताहरू छन्



कांग्रेसको सुरुदेखि नै आधिकारिक विषय छ- चीनबाट हामीले बीआरआई प्रोजेक्टअन्तर्गत लिने कुनै पनि विकासका कुराहरूमा अनुदान मात्र लिन्छौं । लोनमा हामी जाँदैनौं

**विमलेन्द्र निधि**
**नेता, नेपाली कांग्रेस**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ७ मंसिर ।

चीनले अघि सारेको बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) सम्झौता कार्यान्वयन गर्ने विषमा प्रमुख २ सत्तारूढ दल नेपाली कांग्रेस र नेकपा एमाले आन्तरिक छलफलमा छन् । दुवै दलका नेताहरूका अनुसार निरन्तर छलफल चलिरहेको छ तर ठोस निचोड निस्कन बाँकी छ ।

कांग्रेस नेताहरू शुक्रबार आन्तरिक छलफलमा बसेका थिए । नयाँ बानेश्वरस्थित संसद् भवनको लोत्से हलमा कांग्रेसका नेताहरू अर्थविद् र परराष्ट्र जानकारसँगको छलफल गरेका हुन् ।

छलफलमा सभापति शेरबहादुर देउवा, महामन्त्री गगन थापा, डा. प्रकाशशरण महत, उदयशम्शेर राणा, चिनकाजी श्रेष्ठलगायत थिए । नेताहरू विश्व पौडेल, चिरञ्जीवी नेपाल, डा. गोविन्दराज पोखरेल, विनोद चौधरी, चन्द्र ढकाल, राजेश अग्रवाल, दीपक मल्होत्रा सहभागी थिए । कांग्रेसका नेताहरू कृष्ण सिटौला, श्यामकुमार घिमिरे, कृष्ण रोकाया आदि थिए । प्रधानमन्त्री केपी शर्मा ओलीले यही १७ देखि २० मंसिरसम्म चीनको औपचारिक भ्रमण गर्दै छन् । प्रधानमन्त्रीको चीन भ्रमणका क्रममा बीआरआईअन्तर्गतका परियोजना अनुदानमा मात्र लिने कि ऋणमा समेत लिनेगरी कार्यान्वयन सम्झौता गर्ने भन्ने विषयमा सत्तारूढ दल नेकपा एमाले र नेपाली कांग्रेसका बीचमा फरक मत रहँदै आएको छ ।

नेताहरूका अनुसार कांग्रेसले अनुदानमा मात्र परियोजना लिन सकिनेमा प्रस्ट छ । एमालेले सहुलितपूर्ण ऋण लिनेगरी सम्झौता गर्नुपर्ने पक्षमा छ । कांग्रेसको अडानका कारण एमाले प्रधानमन्त्रीको चीन भ्रमणका क्रममा बीआरआईबारे के गर्ने भन्ने छलफलमै छ ।

एमाले महासचिव शंकर पोखरेल छिमेकी राष्ट्रबाट ऋण लिन सकिने बताउँछन् । शुक्रबार सामाजिक संजाल फेसबुकमा महासचिव पोखरेलले लेखेका छन्, 'नेपालको विकासका लागि छिमेकी मित्र राष्ट्रहरूवाट सहुलितपूर्ण ऋण सहायता लिनु के ग़लत हो ?' एमाले महासचिव पोखरेलले चीनसँगको व्यापार पृष्ठ २ मा

# कहिले पाइन्छ मल ?

डीएपी मलको अभावले कालोबजारी बढेको किसानहरूको गुनासो छ । खेतीको मुख्य समयमा डीएपी मल अभाव हुँदा युरिया मल मात्र उपलब्ध गराउँदा किसानहरूको उत्पादनमा असर पर्ने चिन्ता छ

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, ७ मंसिर ।

हरेक वर्ष मल र बिउको अभावको समस्या नेपाली किसानको नियति बन्दै आएको छ । जब कृषि बाली लगाउने समय आउँछ, किसानका अनुहार निचोरिन थाल्छन्- मल र बिउ कहाँ पाउने भनेर । उता, सरकार र तालुक मन्त्रालय 'चाँडै मल बिउ उपलब्ध गराउने' आश्वासन दिइरहन्छ- समय गुज्रिसक्दासम्म ।

कपिलवस्तुका किसानहरू यतिबेला हिउँदे खेती लगाउन व्यस्त छन् । गहुँ, तोरी, आलु, मसुरी, धनिया, केराउलगायतका खेतीका लागि डीएपी मलको आवश्यकताले पिरोलिएका छन् उनीहरू ।

कृषि सामग्री कम्पनी लिमिटेड, बहादुरगन्ज शाखाका प्रमुख अशोक त्रिपाठीका अनुसार यस वर्ष कार्तिक महिनामा २९६ दशमलव ३६२ मेट्रिक टन (५ हजार ९२७ बोरा) डीएपी मल आएको थियो । उक्त मल विभिन्न नगरपालिकामा वितरण गरिएको छ । तर, यो परिमाण किसानहरूको आवश्यकताभन्दा निकै कम हो ।

त्रिपाठीका अनुसार कृषि सामग्री कम्पनी लिमिटेड बहादुरगन्जमा कम्तीमा २ हजार ५०० मेट्रिक टन डीएपी मल आवश्यक छ तर हालसम्म सो परिमाणको व्यवस्था गर्न नसकिएको उनले बताए । डीएपी मलको अभाव रहँदा युरिया मलको भने पर्याप्त मात्रामा उपलब्धता छ । हालै ३५५ मेट्रिक टन युरिया मल एक साताभित्रै आउने जानकारी पनि उनले दिएका छन् । पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# ५० करोडको वैदेशिक रोजगार बचतपत्र जारी गरिने

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ मंसिर ।

नेपाल सरकारले ५ वर्ष अवधि राखी ८ दसमलव ५ प्रतिशत ब्याज दरको ५० करोड रुपैयाँको वैदेशिक रोजगार बचतपत्र जारी गर्ने निर्णय गरेको छ । बिहीबारको मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्दै नेपाल सरकारका प्रवक्ता पृथ्वी सुब्बा गुरुङले सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट निष्कासन हुने ५० करोड रुपैयाँको वैदेशिक रोजगार बचतपत्रको अवधि ५ वर्ष र ब्याज दर ८ दशमलव ५ प्रतिशत तोक्ने निर्णय भएको बताए ।

यसअघि वार्षिक १२ दशमलव ५ प्रतिशत ब्याज दर पाउनेगरी जारी वैदेशिक रोजगार बचतपत्र विक्री अलपत्र परेको अवस्थामा पुनः ४ प्रतिशत कम ब्याज दरमा वैदेशिक रोजगार बचतपत्र विक्री खुला गर्ने निर्णय सार्वजनिक भएको हो ।

यूएई, मलेसिया, साउदी अरेबिया, कतार, ओमानलगायतका देशमा गएका नेपाली कामदारले कमाएको रेमिट्यान्स रकम बचत गर्ने र बचत भएको रकम उत्पादनमूलक क्षेत्रमा लगाई पुँजी निर्माण गर्ने उद्देश्यका साथ राष्ट्र बैंकले २०६७ सालदेखि वैदेशिक रोजगार बचतपत्र विक्री सुरु गरेको हो ।

विगतमा १ अर्ब रुपैयाँको आह्वान गर्दा करोड रुपैयाँको मात्र विक्री भएको थियो । यसले वैदेशिक रोजगार बचतपत्रमा लगानीका लागि कामदार इच्छुक छैनन् भन्ने प्रस्ट भएको छ ।

अर्थविद् सतिश आचार्यले स्रोत मुलुकमै गएर वैदेशिक रोजगार बचतपत्रमा गरिने लगानी र त्यसबाट प्राप्त हुने लाभका बारेमा प्रचार गरी कामदारको ध्यानाकर्षण गर्न नसकेसम्म वैदेशिक रोजगार बचतपत्र विक्री औपचारिक सरकारी कार्यक्रममा सीमित हुने भएकाले कामदारका बीच अभियानकै रूपमा बचतपत्रमा हुने लगानीको लाभका बारेमा बुझाउन नसकिएको बताउँदै आएका छन् ।

विगतमा १ अर्ब रुपैयाँको आह्वान गर्दा करोड रुपैयाँको मात्र विक्री भएको थियो । यसले वैदेशिक रोजगार बचतपत्रमा लगानीका लागि कामदार इच्छुक छैनन् भन्ने प्रस्ट भएको छ

मुलुकबाहिर रोजगारीमा संलग्न नेपाली नागरिक तथा विदेशमा बसोबास गर्ने गैरआवासीय नेपालीले आर्जन गरेको विदेशी मुद्रालाई वैधानिक माध्यमबाट स्वदेशमा भित्र्याउने तथा उनीहरूले आर्जन गरेको रकम विदेशमै बसी वा स्वदेशमा आई सरकारी बचतपत्रमा लगानी गर्ने उपयुक्त अवसर प्राप्त होस् भनी नेपाल सरकारले निश्चित ब्याज दर सामान्यतः अन्य बचतपत्रको भन्दा केही बढी पृष्ठ २ मा

## एमाले जागरणसभा
# स्पष्टीकरणको दबाब

संसद् चलिरहेका बेला सरकारले स्पष्टीकरणका लागि रोष्ट्रम प्रयोग गर्न सक्छ । संसद् नभए प्रधानमन्त्रीले राष्ट्रको नाममा सम्बोधन गर्न सक्छन् । तर, एमालेले शुक्रबार दरबारमार्गस्थित नारायणहिटी छेउमा जागरणसभा राखेर सरकार, प्रधानमन्त्री केपी शर्मा ओली र पार्टीमाथि उठेका अनेक प्रश्नहरूको जबाफ दिने प्रयास गरेको हो



**घनेन्द्र ओझा/मध्यान्ह**
काठमाडौं, ७ मंसिर ।

सरकारको नेतृत्वकर्ता दल नेकपा एमालेले काठमाडौंमा शक्ति प्रदर्शन गरेको छ । आसन्न स्थानीय तहको उपनिर्वाचनको मुखमा एमालेले जागरणसभा गरेर पार्टीको पक्षमा जनमत देखाएको हो । नेताहरूका अनुसार जागरणसभाको उद्देश्य पूरा भएको छ ।

२०४६ सालयताका प्रमुख प्रतिस्पर्धी मानिएका २ ठूला दल नेकपा एमाले र नेपाली कांग्रेसको संयुक्त सरकार छ । प्रतिपक्षी दलहरूले २ ठूला दलको दुई तिहाइ नेतृत्वको सरकारको कामकारबाही त्यसअनुसार हुन नसकेको भनेर आलोचना गरिरहेका छन् । कतिपयले प्रधानमन्त्री केपी शर्मा ओलीको सुशासनप्रतिको प्रतिबद्धतामा समेत प्रश्न पृष्ठ २ मा

# विपन्न बालबालिकालाई पोसाक वितरण



**उदयपुर/मस-** उदयपुरको रौतामाई गाउँपालिका वडा नम्बर ७ स्थित नमुना माध्यमिक विद्यालय मुर्कुचीमा अध्ययनरत विपन्न विद्यार्थीलाई शैक्षिक पोसाक वितरण गरिएको छ ।

यसअघि सोही विद्यालयमा अध्ययन गरेका विद्यार्थीहरुको समूह 'पूर्व विद्यार्थी समाज'को समन्वयमा 'प्रकृति प्रेमी समाज उदयपुर'ले शुक्रबार निम्न वर्गका तीन दर्जन विद्यार्थीलाई पोसाक वितरण गरेको हो ।

१२ छात्रा र २४ छात्रलाई उनीहरुको आवश्यकताअनुसार विद्यालयको पोसाक सर्ट, पाइन्ट, ट्र्याकसुट र जुत्ता वितरण गरिएको आयोजक प्रकृति प्रेमी समाजका अध्यक्ष दिनेशकुमार श्रेष्ठले बताए ।

बालबालिकालाई पोसाक वितरण गर्दै प्रमुख अतिथि शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख शशीकुमार यादवले शैक्षिक अवस्था सुधार गर्न आमनागरिकको समान दायित्व रहने बताए । उनले भने, 'विद्यालयबाट मात्र शैक्षिक सुधार सम्भव नभएकाले, नागरिक तवरबाट हुने यस्ता कार्यक्रमले बालबालिकाको शैक्षिक गुणस्तर र अध्ययनमा रुची बढाउने छ ।'

यादवले विद्यालय भर्नापछि पारिवारिक आर्थिक विपन्नताका कारण उनीहरुलाई टिकाइ राख्न नै अहिलेको मुख्य चुनौती रहेकाले यस्ता कार्यक्रमले सहजता निम्त्याउने बताए । उनले समाजमा शिक्षाको विकासका लागि प्रेरणा तथा प्रोत्साहनले महत्वपूर्ण भूमिका निभाउने भएकाले विद्यालयमा पोसाक तथा शैक्षिक सामग्री दिएर गरिब तथा विपन्न परिवारका विद्यार्थीलाई ठूलो सहयोग पुग्ने बताए ।

विद्यालयका प्राचार्य खड्गबहादुर थापामगरले विद्यालयको शैक्षिक विकासमा पूर्वविद्यार्थी समाजको भूमिका रहेको बताए । उनले गरिबका छोराछोरी पढ्ने विद्यालय भएकाले शैक्षिक जागरणका कार्यक्रमलाई निरन्तर सहयोग गरिदिन आग्रह गरे ।

कार्यक्रममा पूर्वविद्यार्थी समाजका अध्यक्ष तथा नेपाल पत्रकार महासंघ उदयपुरका अध्यक्ष भरत खड्काले पढ्ने इच्छा हुँदा हुँदै पनि आर्थिकरुपमा पिछडिएकाहरुको बाध्यतालाई मलमपट्टी लगाउन आगामी दिनमा समेत तयार रहेको बताए ।

उनले पूर्वविद्यार्थीको नाताले विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्नु दायित्व भएको बताए । अध्यक्ष खड्काले भने, 'विद्यालय भर्नापछि विपन्नताका कारण नियमित विद्यालय नआउने प्रवृत्ति झाँगिदै गएको छ, यसर्थ त्यस्तो प्रवृत्तिलाई निरुत्साही गर्न विद्यार्थीलाई सहयोग गरेका हौं ।'

सहयोगी संस्थालाई धन्यवाद दिँदै अध्यक्ष खड्काले भने, 'सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर कायम गर्न सके गरिब, असाहयका लागि मात्र नभइ सम्पन्न वर्गसमेत आकर्षित हुन सक्छन् ।' उनले आगामी दिनमा पनि विद्यालयसँगको समन्वयमा सहयोग तथा सहकार्यमुलक कार्यक्रम सञ्चालन गरिने बताए ।

कार्यक्रममा प्रकृतिप्रेमी समाजका अध्यक्ष श्रेष्ठले आफ्नो संस्था कुनै गैरसरकारी संस्था नभइ विशुद्ध प्रकृतिसँग रमाउने युवाहरुको फोरम भएको बताए । उनले आफूले विभिन्न पेसा व्यवसाय गर्दा बचेको रकमलाई सामाजिक अभियानसँग जोडिने गरी वर्षेनी यस्ता कार्यक्रम गर्दै आएको बताए ।

समाजका उपाध्यक्ष दिपक खनालले आम्दानीको केही हिस्सालाई वर्षेनी ३/४ ठाउँमा आर्थिक अवस्था कमजोर भएका, विपन्न, असायहरुको सेवामा सहयोग गर्दै आएको बताए । विद्यालयका बालबालिकालाई शैक्षिक सामग्रीदेखि असहाय, दिनदुःखीहरुलाई न्यानो कपडा, खाद्यान्नलगायतका सामग्रीहरु सहयोग गर्दै आएको सदस्य मनोज कार्कीले बताए ।

# लैंगिक तथा सामाजिक समावेशीसम्बन्धी अभिमुखीकरण

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, ७ मंसिर

जेम्स परियोजना आसमान नेपाल गौर रौतहटको आयोजनामा स्वास्थ्य कार्यक्रमका लागि लैंगिक र सामाजिक समावेशी संवेदनशील अभिमुखीकरण कार्यशाला गोष्ठी सम्पन्न भएको छ ।

रौतहट र बारा जिल्लामा सञ्चालित कार्यक्रम अन्तर्गत स्थानीय जनप्रतिनिधिको सहभागितामा रौतहटको गौर नगरपालिका अवस्थित सियापैलेसमा तीन दिने कार्यशाला गोष्ठी सम्पन्न भएको हो । आसमान नेपाल रौतहटका कार्यक्रम संयोजक संजय कुमार यादव र बारा जिल्लाका प्रीति थापाको सक्रियतामा सहभागी प्रतिनिधिहरुलाई आसमान नेपालको केन्द्रीय कार्यालय काठमाडौंका कार्यक्रम प्रबन्धक शम्भु जंग राणाले लैंगिक र सामाजिक समावेशी संवेदनशील बजेटको अभिमुखीकरणको विषयमा प्रकाश पारेका थिए ।

कार्यक्रममा गौर नगरपालिकाकी स्वास्थ्य सहजकर्ता मन्जु रजक, गढीमाई नगरपालिकाका सुरज साहनी, सामुदायिक सिकाई अध्ययन केन्द्रकी चान्द कुमारी र बारा जिल्ला कलैया उपमहानगरपालिकाका स्वास्थ्य सहजकर्ता अमरेश प्रसाद यादव, जितपुर सिमरा उपमहानगरपालिकाकी नित्या कुमारी चौधरी, राष्ट्रिय स्वयंसेवक अनिता पौडेल बारा र भिसओ रौतहटकी आरती पटें, सामुदायिक सिकाई अध्ययन केन्द्रकी निशा ठाकुर लगायतले सक्रिय भूमिका निर्वाह गरेको कार्यालय सहयोगी अजित कुमार यादवले बताए ।

**तस्करी...**

विमानस्थलबाट भित्रिएको साढे ३३ किलो सुन फेला पर्न सकेन । तस्करीको सुन बाटोबाटै हराएपछि सुनका मुख्य भरिया चूडामणि उप्रेती 'गोरे' समूहको यातनाबाट मोरङका सनम शाक्यको हत्या भएपछि घटना बाहिरियो । सो घटनामा नाम जोडिएका नेपाल एयरलाइन्सका लोडर प्रेमलाल चौधरी, थाई एयरवेजका इन्जिनियर सानु बनसहित ३ जनाले त आत्महत्या नै गरे ।

सरकारले उक्त घटनाबारे अनुसन्धान गर्न गृह मन्त्रालयका सहसचिव ईश्वरराज पौडेलको नेतृत्वमा २९ चैत २०७४ मा 'विशेष अनुसन्धान टोली' गठन गर्‍यो । समितिले १९ महिनामा गोरे समूहले मात्र ३८ क्विन्टल सुन तस्करी गरेको र लगानीकर्ता एमके भनिने मोहनकुमार अग्रवाल रहेको निष्कर्ष निकाल्यो ।

१८ भदौ २०७४ राति २ बजे काठमाडौंको क्षेत्रपाटीबाट ८८ किलो सुनसहित मनोज अधिकारी पक्राउ परे । तर, सुनका मालिक चिनियाँ नागरिक भने पक्राउ परेनन् ।

त्यसपछि ८ पुस २०७९ मा त्रिवि अन्तर्राष्ट्रिय विमानस्थलबाट १९ किलो सुन बरामद भयो ।

यी केही प्रतिनिधि घटना मात्र हुन् । हिजोआज सुन तस्करी सामान्य जस्तै बन्न थालेको छ । विशेषगरी त्रिभुवन विमानस्थल, तातोपानी नाका तथा रसुवागढी नाकाबाट यस्ता क्रियाकलाप बढ्न थालेका प्रहरीले बताउँदै आएको छ ।

घटना हुनु सामान्य जस्तै भए पनि यो कसरी र कहाँबाट कहाँ लैजानका लागि गरिएको हो भन्नेमा स्वयं प्रहरी नै बेखबर छ ।

पछिल्ला केही वर्षयता हरेक महिनाजसो सुन तस्करीका घटना हुँदै आएपछि यसले प्रहरीलाई नै चुनौती थपेको छ । यस्ता घटनामा पक्राउ पर्ने मानिस कि भरिया छन् कि सामान्य नागरिक । तर, सुन पक्राउ परे पनि यसका ठूला तस्करहरू अहिलेसम्म सार्वजनिक नहुनु र तस्करीका घटनामा पनि कमी नआउनुले यसले नेपालको सुरक्षा निकायलाई चुनौती थपिदिएको छ ।

नेपाल प्रहरीका अनुसार विगत १० वर्षयता सुन तस्कर र भरिया गरी ४९५ जना पक्राउ परेका छन् ।

१० वर्षमा प्रहरीले तातोपानी नाका, रसुवागढी नाका र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललगायतबाट भित्रिन लागेको करिब ४१ क्विन्टल १७ किलोभन्दा बढी सुन बरामद गरेको छ । यो त १० वर्षको मात्र तथ्यांक हो । त्यसअघिको तथ्यांक त कति छ, पत्तो छैन । यो त प्रहरीले पत्ता लगाएको मात्र हो, पत्ता लगाउनै नसकेको सुनका बारेमा कसलाई के थाहा ?

**तस्करहरूको...**

भए पनि २०७६ सालदेखि १० ग्रामभन्दा धेरै ल्याउन प्रतिबन्ध छ । तैपनि, वैधानिक सुनको खपत नबढ्नुले अझै पनि अवैध सुनले बजार पाइरहेको प्रस्ट देखिन्छ ।

एक तथ्यांकअनुसार नेपालमा बर्सेनि करिब ३० अर्ब रुपैयाँभन्दा धेरैको सुन खरिद हुने गर्छ । हाल स्थानीय बजारमा सुनको मूल्य प्रतितोला १ लाख ६४ हजार रुपैयाँमा विक्री भइरहेको छ । अहिले दैनिक १५ किलो सुन खपत हुन्छ ।

विगत १० वर्षयता नेपालमा वैधानिक रूपमा भित्रिएको सुनको मूल्य करिब २ खर्ब रुपैयाँ हाराहारीमा छ । तर, अवैध रूपमा कति सुन भित्रियो, त्यो कसैलाई पनि थाहा छैन ।

**हाइ...**

अनुसन्धानका क्रममा पक्राउ परेका व्यक्तिहरूले आफ्नो बयानमा यी व्यक्तिहरूको नाम किटान गर्दा र विभिन्न अनुसन्धान प्रतिवेदनमा यिनीहरूको नाम आउँदासमेत अनुसन्धानको दायरामा तानिएका छैनन् ।

तत्कालीन संचार उद्यमी तथा व्यापारी जमिम शाह हत्याको छानबिन गर्न गठित आयोगमा व्यापारी प्रकाश टिवडेवालले सुन तस्करीमा उच्च पदस्थ व्यक्तिको संलग्नता रहेको बयान दिएका थिए । उनले तत्कालीन गृहमन्त्री वामदेव गौतमको नाम पनि लिएका थिए ।

कांग्रेस नेता खुमबहादुर खड्कालाई समेत सुन तस्करीमा मुछिएको पाइएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका तत्कालीन प्रमुख आयुक्त लोकमानसिंह कार्की पनि सुन तस्करीमा मुछिएका व्यक्ति हुन् ।

यस्तै, नेपाल प्रहरीका पूर्वआईजीपी सर्वेन्द्र खनाल र धीरजप्रताप सिंहको 'कनेक्सन' पनि तस्कर समूहका नाइकेहरूसँग देखिएको भन्दै निकै आलोचना भयो । अध्यागमन विभागका तत्कालीन महानिर्देशक झलकराम अधिकारी, सरकारी वकिल कार्यालय काठमाडौंका वासुदेव शर्मा र जनकराज घिमिरे र केही प्रहरी उच्च अधिकारीहरूको नाम पनि सुन तस्करीमा मुछिएको छ ।

त्यति मात्र होइन, अर्थमन्त्री हुँदा विमानस्थलबाट सुन तस्करीमा संलग्न भएका रवीन्द्रनाथ शर्मा मरणोपरान्त अदालतबाट दोषी ठहर भएका थिए । २०६२/०६३ सालको आन्दोलनपछि नेकपा माओवादी सरकारमा जाँदा त्यस पार्टीका नेता कार्यकर्ता पनि सुन तस्करीमा मुछिएका पाइएको छ ।

सुन तस्करीमा राजनीतिक नेतृत्व र शक्तिशाली व्यक्तिहरू संलग्न रहेको खुल्दै आएपछि उनीहरूविरुद्धको फाइल बन्द छ ।

पूर्वउपराष्ट्रपति नन्दबहादुर पुन र पूर्वअर्थमन्त्री तथा माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनका परिवारको सुन तस्करीमा संलग्न गिरोहसँग व्यापारिक साझेदारी रहेको पनि सार्वजनिक भइसकेको छ ।

साढे ६० किलोग्राम सुन तस्करी प्रकरणमा पूर्वउपराष्ट्रपति पुन र पूर्वअर्थमन्त्री पुन परिवारको भूमिका संन्दिग्ध देखिएको छ । २ रोल्पाली पुन परिवारको तस्कर गिरोहसँग व्यापारिक साझेदारीदेखि बिचौलियाको भूमिकासम्म संलग्नता भेटिए पनि अनुसन्धान भएको छैन ।

पुनका कान्छा भाइ प्रनिश पुन मगर सुन तस्करीमा पक्राउ परेका दावा छिरिङको गिरोहका व्यापारिक साझेदार थिए भने पूर्वउपराष्ट्रपति पुनका छोरा दीपेश यो गिरोहलाई सहजीकरण गर्न खटिएको भेटिएको छ । यो तथ्यले तस्करीको नयाँ आयाम उद्घाटित भएको छ ।

**अलपत्र...**

तस्करीका नाइकेसम्म पुग्नुअघि नै रोकिएका दर्जनौं दृष्टान्त छन् । राजनीतिक र प्रशासनिक नेतृत्वमा 'बचाइदेऊ, जोगाइदेऊ' भन्ने प्रवृत्ति हाबी रहेकाले पहुँचवाला दोषीले उन्मुक्ति पाउँदै आएको नेपाल प्रहरीकै उच्च अभिकारीहरू बताउँछन् ।

तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल र गृहमन्त्री रवि लामिछानेले प्रतिवेदन सार्वजनिक गर्ने विषयमा अनिच्छा देखाएका थिए । प्रतिवेदन सार्वजनिक गर्दा त्यसमा माओवादीकै उच्च तहका नेता, सुरक्षा र प्रशासनिक निकायका वर्तमान र पूर्व उच्च पदस्थ अधिकारीहरू जोडिएपछि तत्कालीन र वर्तमान सरकार पछि हटेका हुन् ।

२०७५ सालमा आफ्नो नेतृत्वमा सरकार हुँदा प्रतिवेदन कार्यान्वयन नगरेको एमालेले 'ब्रेक सु' र 'भेप'बाट सुन तस्करी प्रकरणमा भने आयोग बनाई छानबिन गर्न माग राख्दै करिब १ महिनासम्म संसद् अवरुद्ध गरेको थियो । प्रतिपक्षी एमालेले संसद् अवरुद्ध गरेपछि माग पूरा गर्न कांग्रेस, माओवादी गठबन्धन सरकार सहमत भयो । अहिले एमाले सत्तामा छन् तर आयोगले दोषी देखाएकालाई कारबाही गर्न चासो देखाएका छैनन् ।

**कहिले ...**

**वितरण प्रक्रिया र समस्या**

डीएपी मल वितरणका लागि सम्बन्धित नगरपालिकाको सिफारिसलाई आधार मानिएको छ । बुद्धभूमि नगरपालिकाले ५५ दशमलव २०३ मेट्रिक टन, शिवराज नगरपालिकाले ६३ दशमलव ९६३ मेट्रिक टन, महराजगन्ज नगरपालिकाले ६९ दशमलव ९८९ मेट्रिक टन, विजयनगर गाउँपालिकाले ४१ द्दशमलव ९ मेट्रिक टन र कृष्णनगर नगरपालिकाले ६५ दशमलव ३०७ मेट्रिक टन मल पाएका छन् ।

तर, केही सहकारी संस्थाहरूले प्राप्त डीएपी मल अझैसम्म किसानहरूलाई वितरण गरेका छैनन् । सप्तशती कृषि सहकारीले ११० बोरा, खुरहुरिया सामुदायिक कृषि सहकारीले १०४ बोरा र महालक्ष्मी स्वावलम्बन बचत तथा ऋण सहकारी संस्थाले १०४ बोरा मल रोक्का राखेका छन् ।

**सरकारको कमजोरी र किसानको चिन्ता**

सरकारी निकायहरूले किसानहरूको मागअनुसार मल उपलब्ध गराउन नसक्दा समस्या थपिएको छ । डीएपी मलको अभावले कालोबजारी बढेको किसानहरूको गुनासो छ । खेतीको मुख्य समयमा डीएपी मल अभाव हुँदा युरिया मल मात्र उपलब्ध गराउँदा किसानहरूको उत्पादनमा असर पर्ने चिन्ता छ ।

प्रमुख त्रिपाठीले मलको खरिद प्रक्रियामा सुधार नभएसम्म यो समस्या समाधान नहुने बताएका छन् । डीएपी मल पुस महिनाको अन्त्यसम्म आइपुग्ने भनिए पनि तत्कालको समस्या समाधान नहुने देखिएको स्थानीय किसानहरूको चिन्ता छ ।

**कांग्रेस...**

र पारवहन सम्झौताको पनि बचाउ गरेका छन् । उनले लेखेका छन्, 'नेपाललाई भूपरिवेष्ठित मुलुकवाट भूजडित मुलुकमा वदल्नका लागि उत्तरी छिमेकी चीनसंग व्यापार र पारवहन सम्झौता गर्नु गलत हो ?'

नेपाल कांग्रेसका नेता विमलेन्द्र निधि आफ्नो पार्टी चीनबाट बीआरआई प्रोजेक्टअन्तर्गत लिने कुनै पनि विकासका कुराहरूमा अनुदान मात्र लिने नीतिमा प्रस्ट रहेको बताउँछन् ।

राष्ट्रिय स्तरमा छलफल नगरी बीआरआई सम्झौतामा हस्ताक्षर गर्न नहुने उनको मत छ । शुक्रबार जनकपुरमा पत्रकारहरूसँग कुरा गर्दै निधिले हतारमा सम्झौता गरेर पछुताउनुभन्दा विस्तृत रूपमा छलफल गरेर मात्र हस्ताक्षर गर्नुपर्ने बताएका हुन् ।

उनी भन्छन्, 'कांग्रेसको सुरुदेखि नै आधिकारिक विषय छ- चीनबाट हामीले बीआरआई प्रोजेक्टअन्तर्गत लिने कुनै पनि विकासका कुराहरूमा अनुदान मात्र लिन्छौं । लोनमा हामी जाँदैनौं ।'

उनका अनुसार पार्टी सभापति शेरबहादुर देउवाले प्रधानमन्त्री ओलीलाई चीन जाँदा अनुदानबाहेक लोनमा सही नगर्ने भनिसकेका छन् । 'म त भन्छु- बीआरआई प्रोजेक्ट नेपालको हितमा छ कि छैन ? बीआरआई पोलिसीअन्तर्गत केके विषय हो, त्यसको बारेमा व्यापक छलफल हुनुपर्छ ।'

**५० करोडको...**

व्याज दर तोकी वैदेशिक रोजगार बचतपत्र जारी गर्ने गरेको छ ।

बचतपत्र धितो राखी बैंक तथा वित्तीय संस्थाबाट कर्जासमेत लिन सकिने भए पनि विगत वर्षदेखि नै वैदेशिक रोजगार बचतपत्रमा अपेक्षित लगानी हुन सकेको देखिँदैन ।

**एमाले ...**

उठाउने गरेका छन् । यही बेला एमालेले जागरणसभा गरेर प्रधानमन्त्री ओली र सरकारको पक्षमा जनमत रहेको सन्देश दिन खोजेको हो ।

२०७९ सालको आमचुनावपछि नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लाई काँध हालेर कांग्रेसबाट अलग गरेर सरकार बनाएको एमालेले गत असारमा प्रचण्डलाई थामेको काँध हटायो । यसपछि कांग्रेसको टेकोमा एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री बनेका हुन् ।

ओली प्रधानमन्त्री बनेपछि माओवादी केन्द्र सत्तारूढ अर्को दल कांग्रेससँग भन्दा बढी एमाले र अध्यक्ष तथा प्रधानमन्त्री ओलीसँग चिढिएको देखिन्छ । यसका पछाडि मूलतः सत्ता स्वार्थ नै कारक रहेको बुझाइ राजनीतिक वृत्तमा देखिन्छ ।

यसै मेसोमा वर्तमान सरकार सहकारी ठगीका नाममा वा अन्य अनेक बहानामा प्रतिपक्षहरूलाई लपेट्ने प्रयासमा देखिन्छ । प्रचण्डलाई साथ दिएका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई सहकारी ठगी आरोपमा हिरासतमा राखिएको छ । माओवादीलगायत विपक्षी दलको गुनासो छ, 'रवि मात्र अभियुक्त हुन् र सहकारी ठगीका ? सत्तारूढ दलका अभियुक्तले चाहिँ छाती फुलाएर हिँड्ने ?'

यो त पछिल्लो प्रकरण भयो । विगतमा विशेषगरी ओली नेतृत्वकै सरकारका समयमा भएका ठूला काण्डहरू सेक्युरिटी प्रेस खरिद, ओम्नी, यती, ललिता निवास, सुन तस्करीलगायतका काण्डहरू पनि यतिबेलै चर्चामा आएका छन् पुनः । ललिता निवास काण्डमा मुछिएका विष्णु पौडेललाई सत्ताको प्रमुख सारथि बनाएका केपी ओलीमाथि एकपछि अर्को काण्ड, विवाद र आलोचना खापिएपछि सत्ताकै नेतृत्वमा बसेर राजधानीका सडकमा जनतालाई सास्ती दिँदै चर्को आवाजमा स्पष्टीकरण दिनुपरेको छ ।

यसमाथि माओवादी केन्द्र, एकीकृत समाजवादीलगायतका प्रतिपक्षी दलहरू सडक र सदन दुवैतिरबाट ओली सरकारलाई घेराउ गर्ने प्रयासमा देखिन्छन् । उता, रास्वपाको आन्दोलन जारी छ भने यतिबेलै दुर्गा प्रसाईं पनि ओलीविरुद्ध टाउको उठाइरहेका छन् आफ्ना समर्थकमार्फत ।

शुक्रबारको 'जागरणसभा' खासमा जनजागरणका लागि भएको नभई प्रधानमन्त्रीमाथिका उल्लिखित अनेक आरोपमाथि स्पष्टीकरणका लागि भएको एक राजनीतिक विश्लेषकको भनाइ छ । उनी भन्छन्, 'कहीँ नभएको जात्रा हो यो । सत्ताको नेतृत्वमा रहेर सत्ताधारी दल र प्रधानमन्त्री नै सडक जाम गर्दै सभामा उत्रिँदैनन् ।'

हुन पनि सभामा प्रधानमन्त्री ओलीले आफूमाथिका केही आरोपलाई आफैंले प्रष्टीकरण दिने प्रयास गरे भने केही प्रष्टीकरणका लागि एमाले महासचिव शंकर पोखरेलको काँधमा हात राखे । पोखरेलले शुक्रबार बिहानै सामाजिक संजालमा पनि केही प्रश्नमार्फत आफ्नो पार्टी र प्रधानमन्त्रीको बचाउनको प्रयास गरेका थिए ।

ओलीले बारबार भनिरहेका छन् भ्रष्टाचारमा शून्य सहनशीलता र अपराध एवं ठगीमा निर्ममताका कुरा । शुक्रबार पनि दोहोर्‍याए उही कुरा । तर, विगतका भ्रष्टाचार र अपराधका अनि ठगीका उल्लिखित काण्डलगायत निर्मला हत्या काण्ड, ३३ किलो सुन काण्ड, वाइडबडी काण्ड आदिले भने ओली स्वयंलाई गिज्याइरहेका छन् ।

'शुक्रबारको सभाको औचित्य केका लागि ? भनेर पुष्टि गर्न एमाले र ओलीलाई सजिलो भने भएन किनभने सभाबारे जे भनिएको थियो अर्थात् जागरणसभा, त्यस्तो नभई आफूमाथिका आरोपमा मात्र केन्द्रित भए एमाले नेताहरू', नेपाली कांग्रेसका एक केन्द्रीय नेताले भने ।

तर, एमालेका नेताहरू भने यसलाई जागरणसभाकै रूपमा व्याख्या गरिरहेका छन् । एक केन्द्रीय नेताको भनाइ छ, 'सरकार र प्रधानमन्त्रीमाथिका अफवाहपूर्ण आरोपलाई अफवाह हुन्, गलत आरोप हुन् भनेर आमजनमा बुझाउनु पनि त जागरणकै प्रयास हो नि !' यस्ता अफवाहपूर्ण आरोपका कारण सरकार र प्रधानमन्त्रीले सहज ढंगले देश विकास र जनताका हितमा काम गर्न बाधा पुगिरहेको उनको भनाइ छ ।

संसद् चलिरहेका बेला सरकारले स्पष्टीकरणका लागि रोष्ट्रम प्रयोग गर्न सक्छ । संसद् नभए प्रधानमन्त्रीले राष्ट्रको नाममा सम्बोधन गर्न सक्छन् । तर, एमालेले शुक्रबार दरबारमार्गस्थित नारायणहिटी छेउमा जागरणसभा राखेर सरकार, प्रधानमन्त्री केपी शर्मा ओली र पार्टीमाथि उठेका अनेक प्रश्नहरूको जबाफ दिने प्रयास गरेको राजनीतिक वृत्तमा टिप्पणी भइरहेको छ ।

जागरणसभामा प्रधानमन्त्री ओली र एमाले महासचिव पोखरेलले सम्बोधन गरे । सम्बोधनका क्रममा उनीहरूले सरकारमाथि आन्तरिक दबाब र अन्तर्राष्ट्रिय प्रभाव नरहेको सन्देश दिन खोजे । प्रधानमन्त्री केपी शर्मा ओली र उनी नेतृत्वमा भइरहेको गतिविधिमा उठेका एक/एक प्रश्नको प्रष्टीकरण दिए ।

**युएईमा रोजगार**

कम्पनी: SECURIGUARD MIDDLE EAST - L.L.C - O.P.C | शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८१/०८/०७ | चलानी नं.: ६०२२८४७३ | LT. No.: 314166

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 100 | 25 | स. काममा दक्ष | 2000 | ७३,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता** Marriott Hotel Naxal, Hyatt Regency Boudha And Office **२०८१ मंसिर १५ गते** (30 November 2024) **मा हुनेछ ।**

यु ए इ को जेलमा गार्डको काम गर्नुपर्ने भएकोले आर्मी, पोलिस र आर्म्ड पोलीसमा काम गरेकाले मात्र सम्पर्क गर्नुहोला।, उमेर : २५ देखि ४० वर्ष सम्मको हुनु पर्नेछ ।, उचाइ: ५ ७ इन्च वा सो भन्दा बढी हुनुपर्नेछ ।, शिक्षा: एस एल सी पास गरेको हुनुपर्नेछ ।, अंग्रेजीमा दक्ष हुनुपर्नेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SHR Support Human Resources Pvt. Ltd. (Foreign Employment Services, Nepal)
**SUPPORT HUMAN RESOURCES PVT. LTD.** License No: 661/063/064
Sinamangal, Kathmandu, Nepal, Ph No: 4111126, Mobile No; 9802070435 , 9802070424, 9802050422, 9802070434

**युएईमा रोजगार**

कम्पनी: TROJAN GENERAL CONTRACTING LLC | शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०८/०७ | चलानी नं.: ६०२२८४६५ | LT. No.: 314104

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labour | 100 | 0 | स. काममा दक्ष | 900 | ३३,०५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ मंसिर १५ गते** (30 November 2024) **मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**प्याराडाईज इन्टरनेशनल प्रा. लि.**
बखुन्डोल, ललितपुर, (कुपोण्डोल सर्वाङ्ग हस्पिटलबाट भित्र, नर्वे एम्बेसीसँगै)
Lic No.: 187/057/058
सम्पर्क: 01-5434042. 5422063

**युएईमा रोजगार**

कम्पनी : SPARK SECURITY SERVICES - SOLE PROPRIETORSHIP L.L.C. | शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०८/०७ | चलानी नं.: ६०२२८४६९ | LT. No.: 314140

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 100 | 100 | स. काममा दक्ष | 1200 | ४४,०७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ मंसिर १५ गते** (30 November 2024) **मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BEST HR
Gov. License No. 1362/74/75
**BEST RECRUITMENT SERVICES PVT. LTD.**
Lalitpur-10, Bakhundol, Nepal, Phone: 01-5434062

## Phalelung Rural Municipality
## Office of Rural Municipal Executive
**Thakepung, Panchthar**
**Koshi Province, Nepal**

### Notice of E-BID Invitation

**First Date of Publication: 2081/08/08**

1. The Government of Nepal and Phalelung Rural Municipality has allocated funds for the Construction of Road Maintenance. Bidding is open to all eligible bidders on **bolpatra.gov.np** as per Bidding Documents under NCB for Nepalese Bidders.
2. Phalelung Rural Municipality invites all Bidders with bids firm registered as Construction company for works. Detailed Evaluation and Qualification Criteria are provided in Bid Documents.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents on ***bolpatra.gov.np***
4. Pre-bid meeting shall be held at Office of Phalelung Rural Municipality, Thakepung, Panchthar on 2081/09/01 at 8:00 am.
5. Bidding documents must be submitted **to bolpatra.gov.np** by eligible Bidders upon payment of a non-refundable fee for bid documents in **PRIME COMMERCIAL BANK PHALELUNG** branch to Deposit NRS. 5,000/- for per bid to Account NO. GA.1.1 ANTARIK RAJASWA A/C PHALELUNG GA.PA.(07301000000031200129) See point No. 11 Note. The last date of purchase of bidding document will be ***2081/09/07***, at office hour from the first date of publication of this notice.
6. Bids must be submitted before **12 noon on 08, Poush, 2081**. Documents received after this deadline shall not be accepted.
7. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 noon on 08, Poush, 2081** at the office of Phalelung Rural Municipality, bid bond Guarantee must be valid for a period of 30 **days** after bid opening and must be accompanied by bid security, which shall be **valid for 85 days** beyond the bid validity period. Moreover, bids will not be prevented to be opened in absence of Bidders' representative.
8. If bidders wish to submit the Bid Security in the form of cash, they may deposit on Account No. GA.3 DHARAUTI PHALELUNG GA.PA (07301000000032100112) in **PRIME COMMERCIAL BANK PHALELUNG** branch.
9. If any amendment takes place, it will be published and if the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
10. The Employer reserves the right to accept or reject, wholly or partly, any or all the bids without assigning any reason whatsoever.
11. **Note:** To Purchase the bid go to this link (https://revenue.fcgo.gov.np - (1) Create account for Revenue (2) Login and Select Option rajaswa sirsak no 14213 Anya bikribata prapta aya (3) Pay or deposit amount by QR or connect IPS or for more information contact 9852684225,9852684105
12. For further information, bidders may contact 9852684225.
13. The names, identification and further details of the contract are as follows:

| Contract Identification No. | Description of Work | Bid Security Amount (Rs.) | Bid Document Fee |
|---|---|---|---|
| PHRM/NCB/PG/WORKS/2081/082-01 | Panawajharna Gupteshwor Mahadevsthan Faktaklung Manghim Thamchuli Kanchanjunga View Tower Road Construction and Maintinance | 750,000.00 | 5,000.00 |

**Chief Administrative Officer**





# सत्ताको सास्ती





शुक्रबार सत्तारुढ दल नकपा एमालेले राजधानी काठमाडौंमा गरेको जागरणसभाका कारण सास्ती बेहोरेका सर्वसाधारण । सभाका कारण यातायात र जनजीवन प्रभावित बनेको थियो ।

कर्णालीमा उपचुनाव

# विरासत जोगाउन र किल्ला तोड्न कसरत

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, ७ मंसिर

आगामी १६ मंसिरमा स्थानीय तहका रिक्त ४१ पदका लागि चसनाव हुँदै छ । ४४ ठाउँमा चुनाव हुने भनिए पनि आइतबार मनोनयन भएका ३ ठाउँमा सर्वसम्मत चयन भइसकेकाले ४१ पदमा मात्र चुनाव हुने छ ।

कर्णालीका ८ स्थानमा उपचुनाव हुँदै छ । कर्णालीमा दैलेखको महाबु गाउँपालिकाको अध्यक्ष, जाजरकोटको नलगाड नगरपालिकाको उपमेयर र हुम्लाको सर्केगाड गाउँपालिकाको उपाध्यक्ष पदमा उपचुनाव हुन लागेको हो ।

यस्तै, कालीकोटको तिलागुफा नगरपालिका- ४, डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका- ५, जाजरकोटको कुशे गाउँपालिका- ७, दैलेखको दुल्लु नगरपालिका- १३ र रुकुम पश्चिमको सानीभेरी गाउँपालिका- ५ मा वडाध्यक्ष पदका लागि उपचुनाव हुन लागेको हो ।

कर्णालीमा सबैजसो ठाउँमा रोचक भिडन्त हुने देखिएको छ । दैलेखको महाबु गाउँपालिका, जाजरकोटको नलगाड नगरपालिका र हुम्लाको सर्केगाड गाउँपालिकामा दलहरूबीच विरासत जोगाउने र तोड्ने प्रतिस्पर्धा निकै बेजोडले चलिरहेको छ । २०७९ सालमा दैलेखको महाबु गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष दुवै पदमा जित हासिल गरेको नेपाली कांग्रेसलाई उपचुनावमा विरासत जोगाउनै मुस्किल देखिन्छ ।


**जाजरकोटमा विरासतको लडाइँ**

जाजरकोटको नलगाड नगरपालिकामा पनि विरासतकै लडाइँ छ । नलगाडमा २०७९ सालमा कांग्रेस-माओवादीबीच गठबन्धन भएको थियो । उक्त गठबन्धनको भागबन्डाअनुसार नगर प्रमुख माओवादीले पाएको थियो भने उपप्रमुख कांग्रेसको भाग परेको थियो । कांग्रेसबाट उपप्रमुखमा निर्वाचित भएकी सरिता सिंहले ५ हजार ४०६ मत प्राप्त गरी एमालेकी सुनिता बोहोरालाई हराएकी थिइन् ।

बोहोराले ३ हजार ३९३ मत प्राप्त गरेकी थिइन् । १३ वटा वडामध्ये माओवादीले ५, कांग्रेसले ४, एमालेले ३ र १ स्वतन्त्रले जितेका थिए । कांग्रेस-माओवादीको गठबन्धनलाई चुनौती दिएको एमालेले यस पटक दुवै दललाई हराउने रणनीतिका साथ चुनावी मैदानमा होमिएको छ ।

३ दल एक्लाएक्लै लड्दा कांग्रेस पुनः उपप्रमुख लिने दाउमा छ भने माओवादी प्रमुखसँगै उपप्रमुखमा जित निकाल्ने रणनीतिमा छ ।

एमाले दुवै दलको विरासत तोडेर पहिलो पटक जित निकाल्ने दाउमा लागेको छ । २०७४ सालको चुनावमा माओवादीका टेकबहादुर रावलले ३ हजार ४१८ मतका साथ कांग्रेसका छवि पन्तलाई नलगाडको प्रमुखमा हराएका थिए । पन्तले २ हजार ८८९ मत प्राप्त गरेका थिए ।



उतिबेला उपप्रमुख पनि माओवादीले जितेको थियो । १३ वडामध्य ७ माओवादी, ४ एमाले र २ वडामा कांग्रेसले जितेको थियो । २०७९ सालमा आइपुग्दा माओवादीले २, एमालेले १ वडा गुमाएको छ भने कांग्रेसले २ वडा थपेको छ । यो परिणामलाई विश्लेषण गर्ने हो भने नलगाडमा माओवादी बलियो देखिए पनि तीनै दलबीच कडा प्रतिस्पर्धा हुने देखिन्छ । नलगाडको उपप्रमुखका लागि ६ जना चुनावी मैदानमा छन्, जसमा कांग्रेसबाट इन्द्रा चन्द सिंह, एमालेबाट सुनिता बोहरा, माओवादीबाट देवका लामिछाने, राप्रपा नेपालबाट सुनिता पुन रावल, नेपाल समाजवादीबाट पवित्रा जैसी र राष्ट्रिय स्वतन्त्र पार्टीबाट पार्वती पुन छन् ।

**महाबुमा रोचक भिडन्त**

महाबु गाउँपालिकाको अध्यक्ष पदमा एमालेले जंगबहादुर शाहीलाई उम्मेदवार बनाएको छ भने कांग्रेसले झलककुमार भण्डारी र माओवादी केन्द्रले जंगबहादुर बराल मगरलाई मैदानमा उतारेका छन् । एमाले विभाजनपछि एकीकृत समाजवादीमा लागेका शाहीलाई एमालेले पार्टीमा भित्र्याएर उम्मेदवार बनाउनुले कांग्रेसलाई यस पटक महाबु जोगाउन चुनौती देखिने अनुमान गरिएको छ ।

२९ मंसिर २०७९ मा सम्पन्न स्थानीय तहको चुनावमा महाबुमा राजनीतिक दलहरू एक्लाएक्लै चुनावी मैदानमा होमिएका थिए । अध्यक्षमा कांग्रेसका लछुमन गुरुङले २ हजार ९७९ मत प्राप्त गर्दै निर्वाचित हुँदा एमालेका हरिप्रसाद उपाध्याय २ हजार ५१९ मतसाथ दोस्रो भएका थिए भने समाजवादीका जंगबहादुर शाही तेस्रो स्थानमा रहँदै २ हजार २६८ मत प्राप्त गरेका थिए ।

तत्कालीन स्थानीय तहको चुनावमा एकीकृत समाजवादीबाट उम्मेदवार बनेका शाही र एमालेबाट उम्मेदवार बनेका उपाध्यायले प्राप्त गरेको मतलाई हेर्ने हो भने कांग्रेसलाई यस पटक महाबु जोगाउन चुनौती रहेको सहजै अनुमान लगाउन सकिन्छ । २९ मंसिर २०७९ को स्थानीय तहको चुनावमा एमालेका उपाध्याय र समाजवादीका शाहीले प्राप्त गरेको मत ४ हजार ७८७ हुन्छ ।

कांग्रेसका तर्फबाट महाबुको उपचुनावमा चुनावी मैदानमा होमिएका झलकबहादुर भण्डारीको जनमतसमेत राम्रो रहेको कांग्रेस नेताहरूको भनाइ छ । युवामाझ लोकप्रिय रहेका भण्डारीले उपचुनावको मत परिणाम आफ्नो पक्षमा पार्न मजबुत जनपरिचालन गर्दै आएका छन् । एमालेले समाजवादीका नेतालाई पार्टीमा भित्र्याएर उम्मेदवार बनाउनुले एमाले कार्यकर्तामा देखिएको निराशाको फाइदा कांग्रेसले लिन सक्ने देखिन्छ ।

यस पटकको उपचुनावमा राष्ट्रिय स्वतन्त्र पार्टीले समेत उम्मेदवारी दिएको छ । पुराना राजनीतिक दलले जनताको अवस्था बदल्न नसकेका भन्दै रास्वपाले युवामाझ लोकप्रिय रहेका प्रकाशकुमार बुढालाई उम्मेदवार बनाएको हो । माओवादी केन्द्रले जंबहादुर बराल मगर, राष्ट्रिय प्रजातन्त्र पार्टीले सुर्जे रावत, नेपाल मजदुर किसान पार्टीले दुर्गाबहादुर मगर र नेकपा एकीकृत समाजवादीबाट जगत्‌बहादुर हमाल उम्मेदवार छन् ।

**सर्केगाडमा माओवादीलाई चुनौती**

सर्केगाड गाउँपालिकाको उपाध्यक्ष पदका लागि कांग्रेस, एमाले, माओवादी केन्द्र, राप्रपा र रास्वपाका उम्मेदवार प्रतिस्पर्धामा छन् । अघिल्लो चुनावमा माओवादीका चन्द्रसिंह कार्की ३ हजार २६९ मतसहित विजयी हुँदा एमालेकी जुनकुमारी फडेराले १ हजार ६४ मत पाएकी थिइन् । यस पटक माओवादीको जनाधार जोगिने वा घट्ने भन्ने चासो छ । यहाँ माओवादीलाई कांग्रेस र एमालेका कारण चुनौती छ ।

कांग्रेस-माओवादी गठबन्धनबाट उपाध्यक्ष पदमा विजयी भएको माओवादीका लागि एक्लाएक्लै चुनावमा जाँदा कांग्रेस-एमाले नै चुनौती बनेका छन् । २०७४ सालको चुनावमा सर्केगाडमा एमाले-माओवादी गठबन्धन भएको थियो, जसमा एमालेले अध्यक्षमा माओवादीलाई र माओवादीले उपाध्यक्षमा एमालेलाई सघाएको थियो ।

२०७४ र २०७९ सालमा पालिका अध्यक्ष र उपाध्यक्षमा गठबन्धन भए पनि वडामा भने तीनै दलबीच प्रतिस्पर्धा भएको देखिन्छ । यद्यपि, २०७४ सालमा एमाले-माओवादीबीच गठबन्धन हुँदा माओवादी र कांग्रेसका उम्मेदवारले पाएको मत परिणामलाई हेर्ने हो भने सर्केगाडमा कांग्रेस बलियो देखिन्छ । सर्केगाडको उपाध्यक्षका लागि २ स्वतन्त्रसहित ७ जना चुनावी मैदानमा छन् ।

**तिलागुफामा र सानीभेरीमा माओवादीको सम्भावना**

तिलागुफा नगरपालिका- ४ मा माओवादी केन्द्रका परबहादुर शाही अघिल्लो पटक २३४ मतसहित विजयी भएका थिए । कांग्रेस र एमालेको कमजोर उपस्थिति देखिएको यस क्षेत्रमा यस पटक पनि माओवादीले अग्रता कायम गर्ने सम्भावना देखिन्छ । यस्तै, रुकुम पश्चिमको सानीभेरी गाउँपालिका- ५ मा यसअघि कांग्रेसले अलबहादुर खत्रीलाई विजयी गराएको थियो ।

माओवादी केन्द्रले नजिकको चुनौती दिएको यस क्षेत्रमा यस पटक एमालेले पनि उम्मेदवारी दिएको छ । एमालेको सहभागिताले कांग्रेसलाई चुनौती थपिएको छ । यहाँ नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रको बीचमा प्रतिस्पर्धा हुने भएको छ । वडा अध्यक्ष पदमा उम्मेदवारी दिएका नेकपा (एकिकृत समाजवादी)का हंशराज पुरी र स्वतन्त्रबाट उम्मेदवारी दिएका वीरबहादुर बस्नेतले उम्मेवारी फिर्ता लिएपछि कांग्रेस र माओवादी केन्द्रकै उम्मेदवारबीच प्रतिस्पर्धा हुने भएको हो ।

नेपाली कांग्रेसका उम्मेदवारलाई नेकपा एमाले र जनता समाजवादी पार्टीको समर्थन रहेको बताइएको छ । त्यसैगरी माओवादी केन्द्रका उम्मेदवारलाई नेकपा (एकिकृत समाजवादी) र नेपाल कम्युनिस्ट पार्टीले समर्थन गर्ने जनाइएको छ । यी ३ दलबीच समाजवादी मोर्चासमेत गठन भएर क्रियाशील छ ।

# विशेषको फैसला उपर सर्वोच्चमा पुनरावेदन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ मंसिर




अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतबाट भएका विभिन्न १० मुद्दाको फैसलाउपर चित्त नबुझि सर्वोच्च अदालतमा पुनरावेदन दिएको छ । शुक्रबार एकैदिन १० वटा मुद्दा लिएर आयोग सर्वोच्च पुगेको हो ।

आयागले घनश्याम दुवेसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर सर्वोच्च अदालतमा पुनरावेदन गरेको छ ।

प्रतिवादीहरु चन्द्र भुषण झा र भिम बहादुर रोकायलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र चार लाख ३८ हजार पाँच सय ५७ रुपैयाँ ८२ पैसा बिगो बमोजिम जरिवाना गरी बिगोसमेत असुल उपर हुनुका साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९को उपदफा (२) बमोजिम कैद र जरिवाना, प्रतिवादी दल बहादुर बुढालाई भ्रष्टाचार निवारण ऐन, २०५९को दफा ८ को उपदफा (३) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (३)बमोजिम सजाय, प्रतिवादी सुष्मा (कार्की) भण्डारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय र रु. ४ लाख ३८ हजार ५ सय ५७.८२ रुपैयाँ बिगो कायम हुने गरी बिगो समेत जफतको मागदावी लिइ विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको थियो । तर विशेष अदालतले २०८० चैत १८ को फैसलाबाट सफाई दिएको थियो ।

यस्तै आयोगबाट विशेष अदालत काठमाडौंमा दर्ता भएको गलत प्रतिवेदन दिइ भ्रष्टाचार गरेको भन्ने प्रतिवादी विनोद कुमार यादव भएको मुद्दामा समेत अख्तियारमा पुनरावेदनमा गएको छ ।

प्रतिवादी विनोद कुमार यादवले विभिन्न मानिसहरुको विभिन्न मितिमा पी.सी.आर. परीक्षण नै नगरी आफुखुशी गलत प्रतिवेदन तयार पारी बदनियतपूर्वक भए गरेको कुरा लुकाइछिपाई वा नभए नगरेको कुरा देखाई पि.सि.आर. प्रतिवेदन सम्बन्धित मानिसहरुलाई दिएको पुष्टि भइ निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेको देखिँदा निज प्रतिवादी बिनोद कुमार यादबलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन, मागदावी लिइ विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरेको थियो । उक्त मुद्दामा विशेष अदालतले सफाइ दिएको थियो । उक्त फैसलाविरुद्ध समेत आयोग सर्वोच्चमा पुगेको छ ।

यस्तै आयोगबाट विशेष अदालत, काठमाडौंमा दर्ता भएको सरकारी रकमको हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने प्रतिवादी परशुराम अधिकारीसमेत भएको मुद्दामा सर्वोच्चमा पुनरावेदनमा गएको छ ।

यस्तै विशेष अदालत, काठमाडौंमा दर्ता भएको सरकारी रकमको हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने प्रतिवादी केशव प्रसाद आचार्यसमेत भएको मुद्दामा पनि आयोग अख्तियारमा पुनरावेदनमा गएको छ ।

यस्तै विशेष अदालत, काठमाडौंमा दर्ता भएको सरकारी रकमको हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने प्रतिवादी महेश सिंह कठायतसमेत भएको मुद्दामा पनि आयोग सर्वोच्चमा पुनरावेदनमा गएको छ ।

यस्तै विशेष अदालत, काठमाडौंमा दर्ता भएको झुट्टा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको भन्ने प्रतिवादी सम्राट बहादुर शाह भएको मुद्दामा पनि आयोग पुनरावेदनमा गएको छ ।

यस्तै विशेष अदालत, काठमाडौंमा दर्ता भएको सार्वजनिक सम्पत्तिको हानी नोक्सानी गरी भ्रष्टाचार गरेको भन्ने प्रतिवादी चन्द्रसिंह लामासमेत भएको मुद्दामा पनि आयोग पुनरावेदनमा गएको छ ।

विशेष अदालत, काठमाडौंमा दर्ता भएको झुटा सरूवा पत्रको आधारमा शिक्षक कायम गरी भ्रष्टाचार गरेको भन्ने प्रतिवादी अमरप्रसाद भट्टसमेत भएको मुद्दामा पनि आयोग पुनरावेदनमा गएको छ । यस्तै विशेष अदालत, काठमाडौंमा दर्ता भएको सरकारी रकमको हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने प्रतिवादी नारायण प्रसाद पौडेल भएको मुद्दामा पनि आयोग सर्वोच्चमा पुगेको छ ।

Saudi मा रोजगार TMYAZNA MAINTANACE AND CLEANING COMPANY

पूर्व स्वीकृती मितिः २०८१/०८/०६ चलानी नं.: ६०२२८४२६ LT# 313997

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Helper | 15 | 0 | काममा दक्ष | 1000 | ३५,९००।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले ब्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०८१ मंसिर १५ गते (30 Nov., 2024) यस प्रा. लि. को कार्यालय सिनामंगल, काठमाडौंमा हुनेछ ।

Leading Foreign Recruitment Pvt. Ltd.
श्रम ईजाजत नं.: ६६६/०६३/०६४
Sinamangal, Kathmandu, Tel.: 01-4111294, 9801814599, 9862611542, 9810122856, 9818982373

## पुस्तक-समीक्षा

# आमाको सम्झनामा एउटा शोककाव्य

*आमाको आत्मविश्वास, आत्मबल र आत्मसम्मानका पक्षमा लेखिने साहित्य निश्चय नै दीर्घ महत्त्वका हुन्छन् । मलाई पनि 'आमा म पाऊँ कहाँ' शोककाव्यको महत्त्व दीर्घकालीन रहने विश्वास छ ।*



■ रसुवाली कवि

भरतराज पौडेल नेपाली पत्रकारिता र भाषा-साहित्यको गगनमा सुपरिचित नाम हो । साहित्यिक क्षेत्रमा उनी भरतराज पीडित र धर्मानन्द भारवीका नाममा समेत लेखिरहेका छन् । मसँग भरतराज पीडितको शोककाव्य 'आमा म पाऊँ कहाँ' हातमा छ । लगनखेलदेखि नयाँ बसपार्कसम्मको यात्राका क्रममा म यस शोककाव्यका अनेकौं शीर्षकहरूमा हराएको छु ।

मन्दाक्रान्ता र शार्दूलविक्रीडित छन्दको प्रयोग गरिएको शोककाव्यले पाठक मनलाई चसक्क छुन्छ । मलाई कुराकानीका क्रममा शोककाव्यकार भरतराज पीडितले यस शोककाव्यमा शार्दूलविक्रीडित छन्दको मूल प्रवाह रहेको बताएका थिए । भरतराजका श्लोकहरू पढ्दा उनले शार्दूलविक्रीडित छन्दलाई न्याय गर्न सकेका देखिन्छ ।

नेपाली कवितामा धेरै प्रयोग भएको छन्द शार्दूलविक्रीडितका अनेकौं श्लोकहरू जनमानसले मन पराएका छन् । यस छन्दमा लेखिएका काव्यहरू सफल पनि भएका छन् । पूर्वीय वाङ्मय छन्दहरूले धनी छ । शोककाव्य 'आमा म पाऊँ कहाँ'मा पनि भरतराज पीडितको काव्य प्रतिभा सलसल बगेको छ- करुण रसको प्रवाहमा ।




लामो समय अध्यापनमा सक्रिय भरतराज पूर्वीय वाङ्मयका एक जना अध्येता पनि हुन् । नेपाल महर्षि वैदिक फाउन्डेसनमार्फत आध्यात्मिक गतिविधिमा समेत भरतराजको सक्रियता छ । भावातीत ध्यान प्रशिक्षकका रूपमा उनले एउटा गहिरो र वैज्ञानिक महत्त्वको ध्यानलाई विस्तार गरिरहेका छन् । ज्योतिष शास्त्रमा पनि उनको अध्ययन रहेको छ । अनेकौं विषयमा प्रवाहित भए पनि हरेक क्षेत्रमा आफूलाई अब्बल रूपमा प्रस्तुत गर्न सक्नुलाई भरतराज पीडितको खुबी हो भन्नुपर्छ । जोकोही मानिस बहुआयाममा फैलन कहाँ सक्छ र ?

आमा हरिकला पौडेलको निधन भएपछि कवि हृदयका भरतलाई गहिरो आघात परेको छ । यो आघातको चोटलाई उनले काव्यमा उनेका छन् । हरेक छोराछोरीले शोकलाई काव्यको भावमा उन्न सक्दैनन् तर भरतराजको जस्तो भावना सबैको हुन्छ । सायद यही कारण पढ्नेहरूले यस कृतिलाई रुचाएका छन् । यसका कृतिभित्र पाठकले आफूलाई पाएका छन्, आफ्नी आमालाई पाएका छन् । पाठकले रुचाएकै होला 'आमा म पाऊँ कहाँ'को द्वितीय संस्करण बजारमा आइसकेको छ ।

छोटो शुभेच्छा प्रकट गर्दै कवि माधव घिमिरेले समेत यस कृतिलाई 'आँसुका लहरले भिजेका फाँकीहरू' भनेर प्रशंसा गरेका छन् । घिमिरेको 'गौरी' शोककाव्यलाई नेपाली काव्य जगत्मा निकै रुचाइएको थियो । भरतराजले पनि घिमिरेकै बाटो पछ्याएका छन् । त्यो उचाइतर्फको यात्राका लागि भने भरतराज पीडितले थुप्रै साधना गर्न बाँकी नै छ ।

नेपाल महर्षि वैदिक फाउन्डेसनका अध्यक्ष डा. दीपकप्रकाश बाँस्कोटाले यस कृतिले आमाप्रतिको ममता, प्यार, स्नेह र महिमाको सागरमा डुबुल्की मार्ने सूचना सञ्चार हुने विश्वास व्यक्त गर्नुभएको छ । बाँस्कोटाको विश्वासको मूर्त रूप विभिन्न श्लोकमा अभिव्यक्त गरेका छन् पीडितले ।

> कवि पीडित पनि आँसुको दहमा डुबेका छन् । आफ्नो गाउँको एकान्तमा गएर रोएका छन् । आमासँग बिताएको विगत र उनले गरेको त्याग र सम्झनाले उनलाई रुवाएको छ, मर्माहत पारेको छ । उनलाई लागेको छ- आमाबिना मिर्जेत रोएको छ, बैँसी फाँट रोएको छ । पूरै गाउँ रोएको छ

आमा ! कैले नभतिर झुमी हेर्छु देखिन्न केही
आमा ! कैले जलतिर पसी खोज्छु भैदिन्न कोही
आमा ! कैले वनतिर घुमी डुल्छु पाइन्न केही
आमा ! कैले घरतिर बसी रुन्छु पग्लन्न कोही ।
(आमा म पाऊँ कहाँ, पेज- ४)

एउटा छोराले आमाको बिछोडमा लेखेको भाव हो यो । ४ हरफको यो श्लोकभित्र बृहत् कथा लुकेको महसुस पाठकहरूले अवश्य गर्छन् । गुल्मी, हर्मिचौर-६, भर्दाल्कोटमा जन्मेका भरतराज त्यही गाउँको शीतल पवनमा हुर्किए । आमा हरिकलाको अक्षरमा व्यक्त गर्न नसकिने ममताले भरतराजले वात्सल्य प्रेमको शक्तिलाई बुझ्दै गए । यसैले होला आमाको बिछोडमा उनी कहिले आकाशको तारा हेर्छन्, कहिले नदीको प्रवाहलाई हेरेर टोलाउँछन् । रनबन घुम्छन् र घरको चौघेराभित्र आमालाई खोज्छन् । कतै पनि भेटाउँदैनन् आमालाई । त्यही भावलाई उनले श्लोकमा उनेका छन् ।

मौरे रुन्छ, म रुन्छु एकरसले एकान्तमा गैकन
डाँडा रुन्छ, हिले छ माथि शिरमा आमा हरायौ किन ?
बैँसी फाँट छ मौन आज किन हो, आमा कता छ्यौ भन ?
मिर्जेतल्तिर शान्ति छैन मनमा गैगो मिठो रञ्जन ।
(आमा म पाऊँ कहाँ, पेज- १९)

भनिन्छ, आँसुमा शक्ति छ । पूर्वीय काव्य परम्परामा पनि आँसुमाथि थुप्रै काव्य/खण्डकाव्य/महाकाव्य लेखिएका छन् । मानिस आफ्नो दुःखलाई आँसुमार्फत व्यक्त गर्छ । यस पृथ्वी सागरमा सुखले भरिएका, खुसीमा रुने आँखाभन्दा दुःखको झरना बन्ने आँखाहरू धेरै छन् । कवि पीडित पनि आँसुको दहमा डुबेका छन् । आफ्नो गाउँको एकान्तमा गएर रोएका छन् । आमासँग बिताएको विगत र उनले गरेको त्याग र सम्झनाले उनलाई रुवाएको छ, मर्माहत पारेको छ । उनलाई लागेको छ- आमाबिना मिर्जेत रोएको छ, बैँसी फाँट रोएको छ । पूरै गाउँ रोएको छ ।

आमाभित्र विचित्र आत्मबलको खानी थियो, रत्न थ्यौ
तिम्रो भाव अभावमा पनि सधैं साँच्चै दरिली थियौ
तिम्रा ती कर स्पर्शले धरणीमा सद्भावना छर्दथ्यौ
तिम्रा चिन्तनमा अपूर्व सपना हुर्काउँथ्यौ दिव्य थ्यौ ।
(आमा म पाऊँ कहाँ, पेज- ३१)

नेपालका पहाडी गाउँमा दुःखका भारी बोकी हिँड्ने आमाहरू साँच्चै आत्मबलका खानी हुन् । गीतकार अशोक सुवेदीले आमाको स्मृतिमा लेखेको 'टहटह जून जस्तै शीतल हाम्री आमा' गीत र कवि हितप्रसाद उपाध्यायको माधव घिमिरेको 'गौरी'भन्दा १३ वर्ष जेठो 'चन्द्रवदन' शोककाव्य मैले पटक-पटक सुनेको छु, पढेको छु, भावना र विचारको गहिराइमा डुबेको छु । भरतराज पीडितले आमाको स्पर्श र सपनाको कुरालाई मज्जाले जोडेका छन् । आमा जस्तो विषयमा लेख्न गाह्रो छ, जुन गाह्रो साह्रोलाई सहजै छन्दमा उन्न सफल छन् शोककाव्यकार ।

आमाको आत्मविश्वास, आत्मबल र आत्मसम्मानका पक्षमा लेखिने साहित्य निश्चय नै दीर्घ महत्त्वका हुन्छन् । मलाई पनि 'आमा म पाऊँ कहाँ' शोककाव्यको महत्त्व दीर्घकालीन रहने विश्वास छ । भरतराज पीडित राम्रा वक्ता हुन् । पूर्वीय दर्शनमा उनको गहिरो ज्ञान रहेको छ । विभिन्न सञ्चार माध्यममा आउने अन्तरवार्ताहरू हेर्दा/सुन्दा उनको गहिरो बौद्धिकता महसुस गर्न सकिन्छ । सरल भाषामा गहिरो विषय प्रस्तुत गर्न सक्नु भरतराजको वैयक्तिक चिनारी बनेको छ । यस कृतिमा पनि भरतराजले सरल ढङ्गले गहन विषयलाई विस्तार गरेका छन् । आफ्नो भावलाई ममताको लय प्रदान गरेका छन् ।

यस कृतिको कुनै मूल्य छैन । आमाको सम्मान श्रद्धासाथ पढिदिनुस् भन्ने अपेक्षा शोककाव्यकारको छ । वैश्विक व्यवस्थाले गाँजेको युगमा आमाको स्मृतिमा काव्य लेख्दै त्यो काव्य निःशुल्क वितरण गरेर पीडितले आमाको दूधको भारालाई केही मात्रामा भए पनि तिर्ने कोसिस गरेका छन् ।

यो वैश्विक युगमा आमाको मायालाई किनबेच गरिरहेका छोराछोरीहरूले यस कृतिमार्फत सिक्नुपर्ने कुरा र थुप्रै विषयहरू छन् । यति राम्रो कृति प्रकाशन गर्नुभएकामा डा. दीपकप्रकाश बाँस्कोटालाई पनि धन्यवाद छ ।

## कविता

# भोकको परिधि



जुनू घिमिरे

भोक
संसारकै सबैभन्दा शक्तिशाली
हतियार रहेछ ।

लेख्न त मलाई
आफ्नै भोकको कविता लेख्नु थियो
तर, लेख्न पनि अघाउनुपर्ने रहेछ ।

भोकले भोजन चिन्छ
कलम चिन्दैन
भोकाहरूले अक्षरभन्दा पहिला अन्न देख्छन्
आँखा उघ्रन
औंला चलाउन
भोको पेटले नसक्ने रहेछ ।

घविचार होस् या विकार
अहिलेलाई मभित्रका भावनात्मक ऊर्जा
भोकाएका छन्
भो, कुण्ठा लेखेर के सुनाउनु दुनियाँलाई ?
बरु भोजनको स्वाद पाएका दिन लेख्ने छु
व्यञ्जनको महाकाव्य ।

अहिले मेरा अक्षरहरू सुतिदिए पुग्छ ।

टन्न अघाएकाहरूले
भोकाहरूका कथा लेख्दैनन्
भोकाहरूको दिन भुँडीमै ठिक्क हुन्छ
भुँडी वरिपरि घुमेको जीवनले
दुनियाँ देखेको छैन
लेख्नलाई पनि त देख्नुपर्‍यो
देख्न पहिला अघाउनुपर्‍यो
संवेगात्मक ऊर्जा पलाउनुप्पयो
अनि पो गरिन्छ शब्दलाई न्याय
शब्दलाई नै अन्याय हुनेगरी
म कसरी शब्दको खेती गरूँ ?
त्यसैले मभित्रका शब्दहरू
चुपचाप निदाए पुग्छ ।

भुँडीबाट जुन दिन माथि उठ्ने छु
अनि लेख्ने छु
भोक र भोजनको यात्रा ।

पसिनाले निथ्रुक्क भिजेको शरीरभित्र
बाफिएको एउटा मन
जहाँ चिन्तनभन्दा चिन्ता धेरै छ
दिनभरि मरेर पनि
पानीमा रात काट्नुपरेपछि
शब्दमा संवेगात्मक भाव नमिसिँदो रहेछ
भाव मिसाएर शब्द चातुर्य देखाउन पनि
पेटको मनोभावना बुझ्नुपर्‍यो ।

भोकाएको पेटमा पानी हालेजस्तो हुँदैन
कविता भनेको चिन्तन पनि हो
शब्द माधुर्यसँगै व्यञ्जना पनि हो
जसलाई भोको पेटले
लेख्न सकेन ।

अधाएकाहरूले छिटपुट लेखेका छन्
भोकाहरूका गीत, कविता, कथा
जुन पढेर मलाई
भोकमाथि नै दया लागेर आउँछ
जो भोकाएकै छैन
उसले भोकलाई भन्दा
शब्दलाई न्याय गर्‍यो
म भोकाएको छु
शब्दलाई न्याय दिन सक्दिनँ
साँच्चै भोक लेख्नु नै छ भने
आर्यघाटको चिता जलाउने ठाउँमा आऊ
जहाँ लासको प्रतीक्षा गर्दै
भगवान् पुकारिरहेको छ
एउटा भोको मान्छे ।

अस्त्रहरूको अस्त्र
बिषहरूको पनि बिष
रहेछ भोक ॥

# परेको व्यथा

## कथा



■ ओम बस्नेत

कुलबहादुर आँगनको छेउको गाईको गोठमा खोले पकाउँदै थियो, अचानक हरि सरलाई देख्छ र भन्छ, 'ए, सर पो आउनुभएछ, नमस्कार है ! आज त छिट्टै पो आइपुग्नुभएछ, केटाकेटी तयार भएकै छैनन् । ए, नानी हो ! बाहिर निस्क । सर आउनुभएछ' भन्दै एउटा प्लास्टिकको चौकी राखिदिन्छ ।

'नमस्ते स...र' लामो लेघ्रो तानेर २ जनाले एकैचोटि नमस्ते गरे । गीता र श्याम ३ र ४ कक्षाका विद्यार्थी । हरि सर त्यस गाउँको प्राइमरी स्कुलका प्रधानाध्यापक हुन् । अघिल्लो ३ वर्षदेखि नै हरि सर आफैं गएर ती २ जना नानीहरूलाई स्कुल लिएर जान्छन् अनि बेलुकी उनीहरूको घर छेउसम्म पुर्‍याएर आफ्नो घर आउँछन् । यो दैनिक कार्य थियो उनको ।

यस्तो सुविधा ती २ जना नानीहरूले कसरी पाए त त्यसको रहस्य छ ।

हरि सरलाई पहिलाबाटै थाहा थियो उनको स्कुलको एनरोलमेन्ट बढेन भने सरकारले स्कुल बन्द गर्छ भन्ने कुरा । स्कुल बन्द भयो भने उनी आफैं गौट्सको बिमारी अर्को स्कुलमा सरुवा हुँदा भोग्नुपर्ने दुःख उनलाई थाहा थियो । अवकाश प्राप्त गर्ने दिन नजिकै छ । सरकारलाई बिन्ती चढाएर अझ थप २ वर्ष काम गर्ने इच्छा र कर पनि परेको छ । छोरीको डाक्टरीको पढाइ सक्न २ वर्ष बाँकी नै छ ।

हिसाब उनको तगडा छ । उनले गरेको मिहिनेत कति छ, त्यसको अलग्गै कथा छ ।

एक दिन हरि सरले गाउँको सभामा सम्बोधन गर्ने क्रममा भने, 'मेरा अति नै प्यारा गाउँबासी हो, तपाईंहरूको यो पुरानो स्कुल अब बन्द हुँदै छ । कारण यहाँ विद्यार्थीको संख्या मापदण्डभन्दा धेरै कम छ । सरकारले मलाई सूचना दिएको छ, यस्ता स्कुलहरू अब बन्द हुन्छ । तपाईंहरूले आफ्नो बालबच्चा जति छन्, तिनीहरू सबैलाई हाम्रो सरकारी स्कुलमा पठाउनु होस् । नत्र यो स्कुल पनि बन्द हुन्छ' भनेर बसे ।

तालीको बदली गाली नआए पनि मैती आमाले उठेर बोलिन्, 'पहिला पो ८ जना, ९ जना छोराछोरी हुन्थ्यो र सबै सरकारी स्कुल पढ्नु जान्थ्यो, अहिले त मेरो एउटा छोरी छ, त्यसलाई म जसरी भए पनि इंग्लिस स्कुल पढाउँछु । पठाउँदिनँ सरकारी स्कुल । सरले हामीलाई केही नभन्दा पनि हुन्छ ।'

अर्को एक जनाले त हरि सरलाई नै हरियो हुन्जेल करायो, 'तपाईंको छोराछोरी, नातानातिनीलाई ल्याउनुस् न यो स्कुलमा अन्त हामीलाई भन्नुस्, हो त हौ अन्त' भनेर बस्यो । सबैले 'हो हो' भनेर समर्थन गरे । हरि सर चुप भए ।

२ जना बच्चाहरूको कारण ६ जना शिक्षक शिक्षिकाको बच्चाहरूले शहरको नामी निजी स्कुल र राज्यबाहिरको जीडी गोइन्का, डीपीएस, सैंट जोसेफ इत्यादि स्कुलहरूमा लाखौं रुपैयाँ डोनेसन दिएर पढाउने स्वर्णिम अवसर पाइरहेका छन् । त्यो उनीहरूको अधिकार र क्षमताभित्रको कुरा हो र यसमाथि टीका टिप्पणी नभएको बेस हो ।

कुलबहादुर र उसकी श्रीमती भनेको पुरानो मण्डलको खेतबारी र बोट बिरुवा रुङ्ने चौकीदार मात्र हुन् । कम्पनीले मण्डलको खेत लान्छ अरे भन्ने कुरा चल्यो कि हरि सरको मनमा छुरा चल्थ्यो । तर, कुलबहादुर र उसको परिवारलाई केही असर पर्दैन थियो ।

बिचरा ! हरि सरले हिजो अस्ति दसैं खर्च भनेर कुलबहादुरको परिवारलाई लिफामा ५ हजार रुपैयाँ हालेर दिएछन् । नानीहरूलाई सरकारबाट आएको युनिफार्म, जुत्ता, बेग, मिड डे मिलको सुविधाहरू मनग्गे पुगेकै थियो । कुलबहादुरले घरिघरि 'अब त सर, म पनि नानीहरूलाई इंग्लिस स्कुल हाल्नुपर्‍यो हौ !' भनेर हरि सरलाई तर्साउने गर्थ्यो ।

हरि सरले सरकारको मापदण्ड पुर्‍याउन अनेक उपायहरू अपनाएका हुन् । अलिक हुने खानेको घरमा गएर काम गर्ने आदिवासी केटाकेटी ल्याइदिने र उनीहरूलाई उनकै स्कुलमा भर्ना गर्ने वाचा बन्धनमा २-३ वर्ष टारेका हुन् ।

हेरौं, अब हरि सर र तिनको २ जना विद्यार्थी कता जाने हुन्, जता गए पनि भविष्य सुन्दर होस् । सरकारले धेरै सरकारी स्कुलहरू बन्द गरेर नजिकको अर्को स्कुलमा सम्मिलित गराउने निर्णय लिएको छ, जुन निर्णय स्वागत योग्य छ ।

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष : | पारिवारिक कार्य सफल हुने छ । अनावश्यक जिम्मा लिनु हुँदैन । |
| वृष : | लामो यात्रा हुने छ । सबै कार्यमा सावधानी राख्नु होला । |
| मिथुन : | नयाँ काम बन्ने छ । राजनीतिक लाभ प्राप्त हुने छ । |
| कर्कट : | कार्यमा सफलता मिल्ने छ । अनावश्यक जिम्मेवारी लिनु हुँदैन । |
| सिंह : | आध्यात्मिक रुचि बढ्ने छ । वाणी संयम जरुरी छ । |
| कन्या : | शत्रु कमजोर हुने छन् । अर्कामाथि पूर्ण भरोसा नगर्नु होला । |
| तुला : | नयाँ कार्यमा प्रगति हुने छ । धन आर्जन हुने योग छ । |
| वृश्चिक : | बाहिरी सहयोगबाट लाभ हुने छ । शुभकार्यमा बढी खर्च हुने देखिन्छ । |
| धनु : | जीवनसाथीको सहयोग प्राप्त हुने छ । जनसम्पर्कमा वृद्धि हुने छ । |
| मकर : | विद्यार्थीहरूका लागि राम्रो समय छ । शान्तिमा वृद्धि हुने छ । |
| कुम्भ : | घर परिवारबाट अपेक्षित सहयोग प्राप्त होला । शत्रु परास्त हुने छन् । |
| मीन : | नकारात्मक कुराले अशान्ति पैदा गर्ने छ । रोजगार प्राप्तिको योग छ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल, फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# स्थानीय तहले पहिचान गरेका योजना कार्यान्वयन गर्नेतर्फ लाग्छु : मुख्यमन्त्री कँडेल

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, ७ मंसिर

कर्णली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले आफ्नो कार्यकालमा स्थानीय तहले पहिचान गरेका योजना कार्यान्वयन गर्ने बताएका छन्। शुक्रबार नेपाल पत्रकार महासंघले आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा मुख्यमन्त्री कँडेलले यस्तो बताएका हुन्।

मुख्यमन्त्री कँडेलले कर्णालीको आगामी विकासको योजना निर्माणका लागि जिल्ला यात्रामा रहेको बताए । उनले आगामी विकास योजना निर्माणका लागि कर्णालीका सुर्खेत बाहिरका जिल्लाको भ्रमण गर्न थालिएको बताए। उनले कर्णाली सम्भावनाको क्षेत्र भएको बताउँदै आगामी योजना निर्माणका लागि जनप्रतिनिधि, कर्मचारी र




सञ्चारकर्मीसँग सुझाव संकलन गरिरहेको जानकारी दिए।

उनले कर्णालीको समग्र विकाका लागि राजनैतिक दलहरु समेत एकजुट भएर लाग्न आवश्यक रहेको बताए । उनले जुम्ला सम्भावनाको जिल्ला भएको बताउँदै यहाँको स्याउको बजारीकरणका विषयमा कृषकसँग पनि छलफल कार्यक्रम राखिएको बताए।

सो अवसरमा सञ्चारकर्मीहरुले मुख्यमन्त्री कँडेललाई कर्णालीमा बजेट कम, जिल्लाको माग अनुसारको नभइ प्रदेशले योजना पठाउने, कानुन मन्त्रालयलाई शाखाको रुपमा किन राख्नुभयो ? कर्णाली प्रदेशले यातायात ऐन कहिले बनाउँछ ? आम्दानी वृद्धिमा कहिले सोच्ने ? लगायतका प्रश्न सोधेका थिए।

नेपाल पत्रकार महासंघ जुम्लाका अध्यक्ष नेत्रबहादुर शाहीले कर्णालीमा आम सञ्चार विधेयक छिट्टै अगाडि बढाउनुपर्ने बताए । उनले कर्णालीका पत्रकारलाई क्षमता अभिवृद्धि तालिम र लोककल्याणकारी विज्ञापन वितरण निरन्तर हुनुपर्नेमा जोड दिए।

मुख्यमन्त्री कँडेलले सञ्चारकर्मीहरुले सोधेको प्रश्नको उत्तर दिँदै सञ्चारकर्मीको सुझाव तथा प्रश्नले समेत आगामी विकास योजना बनाउन सहयोग पुग्ने बताए । उनले आफ्नो सरकारले अघिल्लो सरकारले ल्याएका योजनासमेत नबदलेको बताए।

# सिद्धबाबाको वार्षिकोत्सवमा १९ जनाले गरे रक्तदान

**नेपालगन्ज/मस-** सिद्धबाबा हार्डवेयर तथा स्टार पोलिपाइप प्रा.लि.को आयोजना, बाँकेको नेपालगन्जबाट प्रकाशित जनमत अर्द्ध साप्ताहिक पत्रिकाको सहकार्य तथा नेपाल स्वयम्सेवी रक्तदाता समाज बाँके जिल्ला कार्यसमितिको समन्वयमा त्रैमासिक रक्तदान कार्यक्रममा २ महिला सहित १९ जनाले रक्तदान गरेका छन् । मंसिर ७ गते शुक्रवार आयोजित रक्तदान कार्यक्रममा पत्रकार, व्यवसायी, शिक्षक लगायत नियमित स्वयम्सेवी रक्तदाताहरुले रक्तदान गर्नु भएको हो । नेपाल स्वयम्सेवी रक्तदाता समाज बाँकेकी अध्यक्ष दिला शाह, जनमत अर्द्ध साप्ताहिकका सम्पादक पूर्णलाल चुके, सिद्धबाबा हार्डवेयर/स्टार पोलिपाइप प्रालिका सञ्चालक कमल कुमार कार्कीले संयुक्त रुपमा प्रादेशिक रक्त सञ्चार सेवा केन्द्रका प्रमुख उपेन्द्र रेग्मी, केन्द्रका प्राविधिकद्वय होमराज गिरी र सोम प्रकाश सापकोटालाई रगत संकलन गर्ने पाकेट हस्तान्तरण गरी कार्यक्रमको शुरुवात गरिएको थियो।



जनमतको रजत वर्ष-२०६३ देखि "रक्तदान जीवनदान" को उद्देश्यका साथ नियमित रुपमा सञ्चालित "त्रैमासिक रक्तदान कार्यक्रम"को ६२ औं श्रृङ्खलामा रक्तदान गर्नेहरुमा सिटिजन बैंक लि.को प्रदेश प्रवन्धक विनय गौतम, नेपालगन्ज शाखाका प्रवन्धक विनोद कुँवर, सिद्धबाबा हार्डवेयर/स्टार पोलिपाइप प्रालिका नमु कुमार पाण्डे, नियमित रक्तदाता तथा नेपाल स्वयम्सेवी रक्तदाता समाज बाँके जिल्ला कार्यसमितिका उपाध्यक्ष मन बहादुर केसी, शिक्षक अशोक कुमार मौर्य, विजय कुमार अधिकारी, विवश खड्का, श्रीमती कृष्णा खत्री, लक्ष्मी गुरुङ, राज कुमार पासी, मदन ज्ञवाली, राजा तिमिल्सीना, दिपक थारु, दिपक ओली, ठाकुर प्रसाद बस्याल, सुभाष मैनाली, प्रादेशिक रक्त सञ्चार सेवा केन्द्रका प्राविधिक महेश दहितले रक्तदान गर्नु भएको छ।

कार्यक्रममा प्रादेशिक रक्त सञ्चार सेवा केन्द्रका प्रमुख उपेन्द्र रेग्मी, प्राविधिक सोम प्रसाद सापकोटा, होमराज गिरी, महेश दहित, शिवराज शाही, वीरेन्द्र योगीले प्राविधिक सहयोग गर्नु भएको थियो।

स्वाथ्य विज्ञानका अनुसार नियमित रक्तदान गर्ने पुरुषहरुमा हुनसक्ने आइरन ओभर लोड कम हुने र हृदयाघात हुने सम्भावना ८८ प्रतिशत कम हुन्छ । आइरन बढी हुने भएकोले नियमित रक्तदान गर्ने पुरुषहरुमा मधुमेह र क्यान्सर रोग हुने सम्भावना कम हुन्छ। त्यसैगरि रक्तदान गरेपछि शरीरमा नयाँ रक्त कोशिकाहरु बन्ने हुँदा रक्त प्रणाली पुनर्ताजगी हुन्छ र रक्तदान गरे जति रगतको मात्रा ४ साता भित्र तयार हुने हुँदा हरेक तीन महिनाको फरकमा रक्तदान गर्दा शारीरिक रुपमा पनि स्फुर्ती आउने गर्छ।

सो कार्यक्रममा नागरिक अगुवा कृष्ण प्रसाद श्रेष्ठ, अन्नपूर्ण पोष्ट दैनिकका प्रदेश प्रमुख तथा मेरो खुशी डट कमका सम्पादक शंकर प्रसाद खनाल, वरिष्ठ पत्रकार कृष्ण अधिकारी, नेपाल स्वयम्सेवी रक्तदाता समाज बाँकेका सल्लाहकार तथा जनमत रक्तदान कार्यक्रमका संयोजक पवन जायसवाल सिद्धबाबा हार्डवेयर प्रालिका सञ्चालक तथा उद्योगी व्यवसायीहरु, कर्मचारीहरु लगायतको सहभागिता रहेको थियो।

# छत्रदेव गाउँपालिकाले गऱ्यो कार्यसम्पादन करार सम्झौता

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ७ मंसिर

अर्घाखाँचीको छत्रदेव गाउँपालिकाले कर्मचारीहरूसँग कार्यसम्पादन करार सम्झौता गरेको छ। गाउँपालिकाले प्रमुख प्रशासकीय अधिकृत राजन पान्डेसहित एकै पटक पालिकाका कर्मचारी तथा शाखा प्रमुखहरूसँग कार्यसम्पादन करार सम्झौता गरेको हो । सुरुमा गाउँपालिका अध्यक्ष चन्द्रमान श्रेष्ठ र प्रमुख प्रशासकीय अधिकृत राजन पान्डेबीच पहिलो कार्यसम्पादन करार सम्झौता भएको छ।

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ तथा नियमावली २०६५, स्थानीय सरकार सञ्चालन ऐन २०७४, सार्वजनिक पदाधिकारीको कार्यसम्पादन करार निर्देशिका, २०७९ तथा संघीय र प्रदेश सरकारद्वारा विभिन्न समयमा जारी निर्देशनहरूको अधीनमा रही कार्य सम्पादन गर्ने गरी गाउँपालिका अध्यक्ष श्रेष्ठले प्रमुख प्रशासकीय अधिकृत पान्डेसँग कार्यसम्पादन सम्झौता गरेका हुन् । त्यस अवसरमा प्रमुख प्रशासकीय अधिकृत पान्डेले शाखा



प्रमुख र आफू मातहतका कार्मचारीहरूसँग कार्यसम्पादन करार सम्झौता गरे । यसैगरी शाखा प्रमुखहरूले पनि आ-आफ्नो मातहतका कर्मचारीहरूसँग करार सम्झौता गरेका थिए।

कार्यक्रममा गाउँपालिका अध्यक्ष श्रेष्ठले कर्मचारीसँग गरिएको कार्यसम्पादन सम्झौताले गाउँपालिकाको विकासका लागि महत्त्वपूर्ण रहेको बताए।

कर्मचारीहरूले करार सम्झौतामा उल्लेखित सर्तहरू अक्षरशः पालना गर्नेमा आफू विश्वस्त रहेको श्रेष्ठको भनाइ छ। सेवाग्राहीलाई मुस्कानसहितको चुस्त र छिटो छरितो सेवा दिन आग्रह गर्दै श्रेष्ठले उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई पुरस्कृत गरिने पनि बताए। कार्यालय समयमा कोही पनि कर्मचारीले सेवाग्राहीको मन दुख्ने गरी कुनै काम गरेमा वा सेवाग्राहीलाई दुःख दिएमा तथा कार्यालयमा कर्मचारी नरहेको भेटिएको पाइएमा कडा कारबाही गरिने पनि उनले चेतावनी दिइ । श्रेष्ठले त्यसको निगरानी तथा उचित नीति बनाउन गाउँपालिकाको सुशासन तथा संस्थागत विकास समितिलाई निर्देशन दिए। कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष मनी पन्थिले दुई वर्षको अवधिमा पहिलो पटक सबै कर्मचारीहरूसँग प्रत्यक्ष रूपमा भेटघाट हुन पाएको बताउँदै गाउपालिकाले निर्धारण गरेका लक्ष्य तथा कार्यक्रमहरू सफल पार्न आ-आफ्नो तर्फबाट जिम्मेवार भएर लाग्न आग्रह गरिन्।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत पान्डेले सुशासन प्रवर्द्धन गर्न, कर्मचारीहरूलाई संस्थागत जिम्मेवारीको बोध गराउन, सही रूपमा कार्य सम्पादन गर्न र सेवाग्राहीलाई चुस्त झन्झटरहित सेवा प्रवाह गर्नका लागि कार्यसम्पादन करार सम्झौता प्रभावकारी हुने बताए।

पान्डेका अनुसार यसपटक कर्मचारीहरूसँग मात्रै करार सम्झौता गरिए पनि आगामी दिनमा वृहत् किसिमले सबै शिक्षक कर्मचारीलगायत गाउँपालिकाको मातहत रहने कर्मचारीहरूसँग पनि कार्यसम्पादन करार सम्झौता गरिने छ।

# गढीमाई मेलाको प्रचार प्रसार तीव्र

**राहुल गुप्ता/मध्यान्ह**
बारा, ७ मंसिर

विश्व प्रसिद्ध गढीमाई मेलाको प्रचार प्रसारका लागि बिहीबार विभिन्न ठाउँमा होर्डिङ बोर्ड लगाइएको छ । प्रचार प्रसार उपसमितिले गढीमाई मेलाको प्रचार प्रसारका लागि होर्डिङ बोर्ड ठाउँ-ठाउँमा जडान गर्न सुरु गरेको हो। विश्व प्रसिद्ध गढीमाई मेला मंसिर १ गतेदेखि सुरु भए पनि अहिले प्रचार प्रसारलाई तीव्र पारिएको छ । गढीमाई मुल मेला मंसिर १७ गतेदेखि मंसिर ३० गतेसम्म लाग्ने भएकाले प्रचारलाई तीव्रता



दिइएको हो।

बिहीबार प्रचार प्रसार उपसमितिले ठोरी, पथलैया, वीरगनजलगायतका ठाउँमा होर्डिङ बोर्ड लगाएको छ। कोशी प्रदेशको विराटनगर, कोशी ब्यारेज पुल र सिमावर्ती क्षेत्रमा होर्डिङ बोर्ड जडान गर्न बाँकी रहेको छ। यस्तै मधेश प्रदेशको जनकपुर, निजगढ, अमलेखगञ्ज , बागमती पुललगायतका ठाउँमा पनि होर्डिङ बोर्ड जडान गर्न बाँकी रहेको छ।

मंसिर १ गतेदेखि विधिवतरुपमा सुरु भएको विश्व प्रसिद्ध गढीमाई मेला अवलोकन गर्ने दर्शनार्थीहरुको भिड बढेको छ। यस वर्षको गढीमाई मेलामा करिब ३ करोड दर्शनार्थीले मेलाको अवलोकन गर्ने गढीमाई मेला मुल व्यवस्थापन समितिले जनाएको छ । एसिया महादेशकै सबैभन्दा ठूलो बलि दिने मेलाको रुपमा गढीमाई मेलालाई चिनिन्छ।

# १५ वर्षीया रोजना बनिन् एक दिने प्रमुख प्रशासकीय अधिकृत




**कमल कुमाल/मध्यान्ह**
कालीकोट, ७ मंसिर

रास्कोट नगरपालिकामा संचालन गरिएको गर्ल्स टेकओभर कार्यक्रम सम्पन्न भएको छ । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जवानसिह बमको अध्यक्षतामा संचालन गरिएको कार्यक्रमा नगरपालिका प्रमुख धर्मराज शाही पोषणको प्रमुख आतिथ्यतामा भएको थियो।

बडिमालिका माध्यमिक विद्यालय रास्कोटमा कक्षा ९ मा अध्ययनरत १५ वर्षीया रोजना सार्कीले एक दिनका लागि प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी बहन गरिन्। उनी प्रमुख प्रशासकीय अधिकृतको जिम्मेबारी लिए लगतै सबै शाखाका कर्मचारीहरूसँग शाखामा संचालित क्रियाकलापका गतिविधि मागेकी थिइन्।

रास्कोट नगरपालिकालाई समृद्ध नगरपालिका बनाउनका लागि कर्मचारीहरूको भूमिका महत्वपूर्ण रहने भएकाले कर्मचारीहरूलाई कुनै पनि सेवाग्राहीको काममा ढिलासुस्ती नगर्न र आफ्नो कार्यप्रति बफादार रहन समेत उनले आग्रह गरिन्।

बालबालिकाका क्षेत्रमा रकम विनियोजित हुने र कार्यान्वयनको सिलसिलामा रकम बालबालिका केन्द्रित नहुने गरेकाले आफू बहाल हुँदासम्म सो रकम बालबालिकाकै नाममा लगानी गर्ने उनले बताइन्।

गर्ल्स टेकओभर कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बमले खादा र अबिर लगाएर स्वागत समेत गरेका थिए। त्यस अवसरमा नगर प्रमुख शाहीले गर्ल्स टेकओर मात्र नभई सबै कर्मचारीहरूलाई सचेत बनाउने कार्यक्रम भएकाले नगरपालिकामा सोही अनुसारको व्यबहार तथा काम गर्न आग्रह गरे।

बालिकाहरूलाई सशक्त बनाउनका लागि, बालिकालाई आफ्नो अधिकार प्राप्त गर्न, खुलेर सबै सामु बोल्न र स्थानीय सरकारलाई बालबालिका क्षेत्रमा लगानी बढाउनमा ध्यान केन्द्रित होस् भन्ने हेतुले हरेक वर्ष यस्ता कार्यक्र संचालन गरिएको प्लान इन्टरनेश्न नेपालका कार्यक्रम संयोजक दीक्षा भाटले बताए।

प्लान इन्टरनेश्नल नेपालको आर्थिक सहयोग रहुरेन्डेक नेपाल कालिकोट र सादा नेपाल कालीकोटको साझेदारीमा संचालित बाल विवाह, छिटो विवाह र जर्वजस्ती विवाह न्यूनीकरण परियोजनाको परियोजना हस्तान्तरण बैठक समेत सम्पन्न भएको थियो।

**कटहरिया बहुमुखी क्याम्पस**
कटहरिया ०५, रौतहट

**भुलसुधार गरिएको सम्बन्धी सूचना**

यस क्याम्पसबाट मिति २०८१/०८/०७ गते मध्यान्ह दैनिक पत्रिकामा प्रकाशित बोलपत्र स्वीकृत गर्ने आसयको सूचनामा ठेक्का नं. KATMC/NCVB/WORKS/01 2081-82 हुनुपर्नेमा अन्यथा हुनु गएकोले सम्बन्धित सबैमा जानकारीको लागि भुलसुधार गरिएको छ।

**क्याम्पस प्रमुख**

**युएईमा रोजगारको अवसर**
कम्पनी : AMB HERTEL LLC — शहरः ABU DHABI
पूर्व स्वीकृत मितिः २०८१/०८/०६ — चलानी नं.: ६०२२८४०२ — L.T. No.: 314086

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,०७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Painter | 50 | 0 | | 1200 | ४४,०७६ | | | | | | |
| 3. | Scaffolder | 100 | 0 | | 1200 | ४४,०७६ | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १५,१६,१७ र १८ गते (30 November,1,2 & 3 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क | विदेशमा गर्ने मेडिकलको खर्च | स्वदेशमा गरिने म्यादे जीवन बिमा | रोजगारमा बिमा | कामदारलाई हवाइ टिकट | सामाजिक सुरक्षा कोष | भिषा शुल्क | भिषा स्ट्याम्पीङ शुल्क | अभिमुखीकरण शुल्क | कल्याणकारी कोष | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

Gulf Manpower Services Pvt. Ltd. श्रम इजाजत नं. ०२३/०४८/०४९
Hattigauda, Kathmandu, Nepal, Tel: 01-4374395, 4379332, 4379333, Fax: 01-4435443,
E-mail: gulf@mos.com.np, info@gulfmanpower.com.np, Website: www.gulfmanpower.com

**Kuwait/UAE मा रोजगार** Abou Johny Restaurant Company,Kuwait
पूर्व स्वीकृती मितिः २०८१/०८/०५ — चलानी नं. ६०२२८४२७ — LT No.: 313631

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | खाना/बस्ने सुविधा |
|---|---|---|---|---|---|---|
| १. | Cleaner Indoor | 4 | 0 | 100 | ४४,३००/- | छ |
| २. | Light Driver/Driver | 2 | 0 | 135 | ५९,८००/- | |

Infinia Contracting LLC, UAE पूर्व स्वीकृती मितिः २०८१/०८/०६ — चलानी नं. ६०२२८३९५ — LT No.: 314014

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | खाना/बस्ने सुविधा |
|---|---|---|---|---|---|---|
| १. | Mason | 3 | 0 | 1200 | ४४,८००/- | छ |
| २. | Steel Fixer | 3 | 0 | 1200 | ४४,८००/- | |

अन्तरवार्ता २०८१ कार्तिक १५ गते (30, Nov., 2024) यस प्रा. लि. को कार्यालय बसुन्धारा काठमाडौंमा हुनेछ ।

Login International Overseas Recruitment Pvt. Ltd.
Basundhara-3, Kathmandu, Ph.: +977-01-5911074/75
Email : loginoverseasrecruitement @ gmail.com, Hot line: 9823815921

**बहराइनमा रोजगार**
कम्पनी : ALMOAYYED CONTRACTING GROUP — शहर : MANAMA
पूर्व स्वीकृत मितिः २०८०/०६/२१ — चलानी नं.: ६०२०८८७३ — LT.No.: 293665 — पुनःविज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | BD | ने. रू. | ओभर टाईम | घण्टा | दिन | वार्षिक विदा | खाना/बस्ने | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 75 | 25 | सम्बन्धित काममा दक्ष | 100 | ३५,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | security Guard | 75 | 0 | | 120 | ४२,९४८ | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १५ गते (30 November 2024) मा हुनेछ ।

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158 ISO 9001 : 2015
Govt. Lic. No.: 821/066/067

**कतारमा रोजगार**
कम्पनी : BUILDERS ADVANCED ENGINEERING CONSTRUCTION CO — शहर : Doha
पूर्व स्वीकृत मितिः २०८१/०८/०६ — चलानी नं.: ६०२२८४३८ — LT.No.: 314010

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम | घण्टा | दिन | वार्षिक विदा | खाना/बस्ने | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 50 | 0 | स. काममा दक्ष | 1000 | ३६,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १५ गते (30 November 2024) मा हुनेछ ।

LEADS STAFFING Solutions Pvt. Ltd.
साविकको नाम (Nassar Overseas Pvt. Ltd.)
Gov. Lic. No. 1064/073/074
Battisputali-9, Kathmandu, Nepal, Tel No.: +977-1-4594112
Email: info@nassaroverseas.com.np | Website: www.nassaroverseas.com.np

**साउदीमा रोजगार**
कम्पनी: MUEEN HUMAN RESOURCES COMPANY-SAUDI CLOSED JOINT STOCK — शहरः MAKKAH
पूर्व स्वीकृत मितिः २०८१/०८/०५ — चलानी नं.: ६०२२८४३९ — LT No: 313933

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम | घण्टा | दिन | वार्षिक विदा | खाना/बस्ने | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 75 | 0 | स. काममा दक्ष | 1000 | ३५,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १६ गते (1 December 2024) मा हुनेछ ।

Manaslu International Services Pvt. Ltd.
GPO Box: 21269, Dhumbarahi, Ktm, Nepal, Tel: 01-4525081, Mob.: 9860612204, 9852059259, Fax: 977-1-4490716, Govt. Lic. No.: 151/056/57, Email: manaslunp@hotmail.com

**युएईमा रोजगारको अवसर**
कम्पनी : FOCUS POWER SECURITY SERVICES LLC — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/०७/२५ — चलानी नं.: ६०२२७७५० — LT. No.: 313334 — पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम | घण्टा | दिन | वार्षिक विदा | खाना/बस्ने | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LIFE GUARD -M | 12 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,०७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Security Guards | 12 | 0 | | 1200 | ४४,०७६ | | | | | | |

कम्पनी : UNIFORCE GENERAL SECURITY GUARD SERVICES L.L.C — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/०८/०७ — चलानी नं.: ६०२२८४६० — LT. No.: 314072

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम | घण्टा | दिन | वार्षिक विदा | खाना/बस्ने | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Lifeguards | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,०७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | security Guard | 30 | 0 | | 1200 | ४४,०७६ | | | | | | |

अन्तर्वार्ता सेन्टर पोइन्ट होटल, बिर्तामोड, झापामा २०८१ मंसिर १७ गते (2 December 2024) मा हुनेछ ।
अन्तर्वार्ता रेड कार्पेट होटल, भरतपुर, चितवनमा २०८१ मंसिर १८ गते (3 December 2024) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ मंसिर १९ गते (4 December 2024) मा हुनेछ ।

New S.V. International Pvt. Ltd. Lic No.: 426/060/061
House No. 26/35, Prabesh Marga, Maharajgung, Chakrapath, Kathmandu, Nepal
Tel: +015913575, 9704338375 | E-mail: cvs.newsvintl@gmail.com, Web: www.newsvintl.com.np
Birtamod contact: 9824973496 | 9806595983

**साउदीमा रोजगार**
कम्पनी : AL RAHDEN COMPANY — शहरः Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०८/०६ — चलानी नं.: ६०२२८४०६ — L.T. No.: 314061

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम | घण्टा | दिन | वार्षिक विदा | खाना/बस्ने | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laundry Worker | 20 | 0 | स. काममा दक्ष | 1200 | ४३,११६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ मंसिर १५ गते (30 November 2024) मा हुनेछ ।

EQUATOR INTERNATIONAL (P.) Ltd. LIC. NO. 746/064/065
कार्यालयः गोंगबु चोक, काठमाडौं, नेपाल Tel No: 014986469 / 014986470
Mob. No: 9851096808, 98510-34986, 9851011886
Email: equator746@gmail.com | Website: www.equatorintl.com

**कतारमा रोजगार**
कम्पनीः LUCKY TRADING AND CONTRACTING AND COMMUNICATION — शहरः DOHA
पूर्व स्वीकृत मितिः २०८०/१२/३० — चलानी नं.: ६०२१८२९७ — LT. No.: 303425 — पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम | घण्टा | दिन | वार्षिक विदा | खाना/बस्ने | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Technician | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,३५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Electrician | 1 | 0 | | 1200 | ४४,३५२ | | | | | | |
| 3. | Foreman | 1 | 0 | | 2500 | ९२,४०० | | | | | | |
| 4. | Labour | 2 | 0 | | 1000 | ३६,९६० | | | | | | |
| 5. | Labour Services | 2 | 0 | | 1000 | ३६,९६० | | | | | | |
| 6. | Plumber | 2 | 0 | | 1200 | ४४,३५२ | | | | | | |
| 7. | Representative | 1 | 0 | | 2200 | ८१,३१२ | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १५ गते (30 November 2024) मा हुनेछ ।

Excellent Manpower Services Pvt. Ltd. Gov. Lic No. 1328/074/075
Sinamangal-9, Airport, Kathmandu, Tel: 4485517, 6924454, Email: excellentmanpower1328@gmail.com

**UAEमा रोजगार**
कम्पनी : Arar Building Cleaning Services Co. LLC
शहर: UAE, Dubai — पुन विज्ञापन
पूर्व स्वीकृती मिति : २०७९/१२/२९ — चलानी नं.६०२००१९७ — LT No. 284565

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | न्यूनतम योग्यता | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना/बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Building Exrerior Cleaner | 2 | काममा दक्ष | 800 | २९,५३० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | २ वर्ष |

अन्तरवार्ता म्यानपावरको कार्यलय काठमाडौँमा २०८१ मंसिर १५ गते (30 Nov, 2024) मा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई सेवा शुल्क बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसग राख्नुहोला । ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग ताहाचल, काठमाडौंमा सम्पर्क राख्नुहोला ।

Empire International Pvt. Ltd. Lic. No. 695/063/064
Shantinagar, Kathmandu, Nepal
Phone No.: 01- 4621348,4620715
E-mail: jobs@empirenpl.com.np

मध्यान्ह
www.madhyanhadaily.com
८ मंसिर २०८१, शनिबार
23 November 2024, Saturday

# नीतिगत र संस्थागत सुधारबिना पुँजीगत खर्च बढाउन कठिन



**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ मंसिर

नीतिगत र संस्थागत सुधार विना पुँजीगत खर्च बढाउन कठिन रहेको अध्ययनले देखाएको छ । नेपाल उद्योग परिसंघ र नेपाल आर्थिक पत्रकार समाजले संयुक्त रूपमा गरेको चालु आर्थिक वर्षको बजेटको कार्यान्वयनको त्रैमासिक अवस्थामाथिको अध्ययनले विनियोजित बजेटमार्फत् गरिएका सुधारका कार्यक्रमसमेत कार्यान्वयन नहुँदा बजेट खर्च हुन नसकेको र यसको प्रभाव पूर्वाधार निर्माण क्षेत्रमा परिरहेको उल्लेख गरेको छ । पूर्वतयारी बिना योजना राख्दा काम हुन नसकेको, अघिल्लो सरकारले बजेट ल्याएको कारण सरकारले अपनत्व नलिएको, बजेटमै तोकिएका सुधारका कार्यक्रमहरू कार्यान्वयन नभएको लगायतका कारण पूर्वाधार क्षेत्रमा विनियोजित बजेट कार्यान्वयन हुन नसकेको औंल्याइएको छ ।

शुक्रबार आयोजित पूर्वाधार क्षेत्रमा विनियोजित बजेट कार्यान्वयनको अवस्थामाथि परिसंघले आयोजना गरेको कार्यक्रममा राष्ट्रिय योजना आयोगले पूर्वाधार क्षेत्रमा २० खर्ब रूपैयाँ प्रतिवर्ष लगानी गर्नुपर्ने सौह्रौं पञ्चवर्षीय योजनामा उल्लेख गरेको छ । तर, वार्षिक ३ खर्ब रूपैयाँको हाराहारीमा पूर्वाधार क्षेत्रमा बजेट विनियोजन भएको तर, त्योपनि खर्च हुन नसकेको देखिएको छ । पछिल्ला आर्थिक वर्षहरूमा छुट्याइएको बजेटको ६० प्रतिशत वरिपरि मात्र खर्च हुने प्रवृत्ति छ । अध्ययनले चालु आर्थिक वर्ष २०८०/८१ को बजेटमा भएका पूर्वाधारसँग सम्बन्धितमध्ये ७ वटा बुँदा परिसंघले चालु वर्षको बजेट वाच पुस्तिकामा समेटेको छ । सोमध्ये पहिलो चौमासिकमा ढिला गरी एउटा मात्र कार्यान्वयन भएको उल्लेख छ । ४ वटा बुँदामा आंशिक र २ वटाको प्रगति शुन्य रहेको देखिएको छ ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राडा. शिवराज अधिकारीले पुँजीगत खर्च वृद्धि गर्नको लागि समन्वय बढाउन सबै मन्त्रालयसँग अवरोध घटाउने उपाय खोजीको छलफल चलाइरहेको बताए । 'अनावश्यक र झन्झटिलो प्रक्रियालाई घटाउन, वनको समस्या समाधान गर्न, खरिद र वित्तीय व्यवस्थापनलाई सहजीकरण गर्न काम गरिरहेका छौं', उनले भने । बजेटमा पर्ने आयोजनाको सूची चैतमा नै तयार गर्ने, योजना र स्रोतको पहिले नै निक्यौल गर्ने र यसलाई कडाइका साथ अघि बढाउँदा प्रतिफल राम्रो आउने अपेक्षा रहेको उपाध्यक्ष अधिकारीको भनाइ छ । सरकारले नयाँ योजना थप गर्नेभन्दा पनि निर्माणधीन परियोजनालाई पूरा गर्नेतर्फ सरकारको जोड रहेको बताए ।

पूर्वाधार बजेट र कार्यान्वयनमा केन्द्रित समूह छलफलमा लगानी बोर्ड नेपालका प्रमुख कार्यकारी अधिकृत शुशिल ज्ञवालीले सौह्रौं पञ्चवर्षीय योजनाले ११२ खर्ब रूपैयाँ पूर्वाधार क्षेत्रमा लगानी आवश्यक देखाएको बताए । त्यसमध्ये ३५ खर्ब सरकारले र बाँकी निजी क्षेत्रले लगानी गर्ने गरी योजना तयार भएको जानकारी दिए । 'संघीय व्यवस्थाअनुसार सबै तहका सरकारहरूबीच स्पष्ट कार्ययोजना जिम्मेवारी तोकिएमा पनि पूर्वाधार क्षेत्रमा रहेका समस्या समाधान गर्न सहयोग पुग्ने देखिन्छ, त्यसमा अस्पष्टता हुँदा धेरै अलमल र पूर्वाधार विकासमा अपेक्षित प्रगति हुन नसकेको हो', उनले भने ।

पञ्चवर्षीय योजनालाई आगामी ५ वर्षसम्म कार्यान्वयन हुने र त्यो कानुनी रुपमा नै अनिवार्य गर्ने हो भने आयोजना थप हुने अवस्था नै नरहने उल्लेख गरे । प्रमुख कार्यकारी अधिकृत ज्ञवालीले संस्थागत सुधारको लागि अहिलेको सरकारले काम गरिरहेको दाबी गरे ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव कृष्ण पन्तले पूर्वाधार परियोजना बाड्ने र योजना छरिँदा आवश्यकभन्दा न्यून बजेट हुँदा कार्यान्वयनमा समस्या रहेको बताए । सासंदहरूले नै २५ करोड रुपैयाँ लागत भएका परियोजनाको लागि १० लाख बजेट पार्न खोज्ने र काम नहुने समस्या रहेको उदाहरण दिए । त्यसबाहेक सार्वजनिक खरिदसम्बन्धी सुधारका लागि चालिएका कदमलाई पनि अघि बढाउन नसकिँदा पुँजीगत खर्च सुस्त भएको उल्लेख गरे ।

नेपाल उद्योग परिसंघका उपाध्यक्ष वीरेन्द्रराज पाण्डेले लगानी सम्मेलनमार्फत् पूर्वाधार क्षेत्रलाई केन्द्रित गरी नीतिगत र कार्यान्वयनका प्रवृत्तिहरूलाई सुधार गर्ने विषयलाई अघि बढाइरहेको बताए । लगानी जुटाउनको लागि नयाँ वित्तीय औजारहरूको पनि सिफारिस गरिएको उल्लेख गरे । कार्यक्रममा नेपाल उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले अर्थतन्त्रलाई चलायमान बनाउनको लागि पूर्वाधार विकास निर्माण क्षेत्र सक्रिय हुनुपर्ने बताए । 'अहिले अर्थतन्त्र शिथिल हुनुमा पूर्वाधार क्षेत्र गतिशील नहुनु हो' उनले भने । हरेक वर्ष तोकिएको बजेट खर्च हुनेगरी काम गर्न आवश्यक व्यवस्था गर्न सरकारलाई आग्रह गरे ।



साउदी अरबको पूर्वी क्षेत्र दम्मामा राहदानी लिन लामबद्ध नेपाली श्रमिकहरु । तस्बिर : अन्जान गुभाजु/मध्यान्ह

# गरिमा विकास बैंकको वार्षिकोत्सवमा रक्तदान

**महमद सदाब**
वीरगन्ज, ७ मंसिर

गरिमा विकास बैंकको १८औं वार्षिक साधारणसभाको अवसरमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ । बैंकको १८औं वार्षिक उत्सवको अवसरमा वीरगन्ज शाखाले रक्तदान कार्यक्रम सम्पन्न गरेको हो ।



रक्तदान कार्यकममा १५ जना महिला तथा ५० जना पुरुष गरी ६५ जनाले रक्तदान गरेका थिए । कार्यक्रमको उद्घाटन वीरगन्ज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलमले गरेका थिए । बैंकले आगामी दिनमा महानगरपालिकासँग समन्वय गरी सामाजिक सेवा गर्ने उनले विश्वास जनाए । बैंकका शाखा प्रवन्धक राजीव कुमारको अध्यक्षतामा भएको कार्यक्रममा बैंकका क्षेत्रीय प्रवन्धक दयाकान्त साह, उद्योगपति मुरलीधर रुगंटा, नेपाल पत्रकार महासंघ पर्साका उपाध्यक्ष युवराज खडकासहितको उपस्थिति थियो । स्याङ्जाको वालिङमा स्थापना भई निलगीरी विकास बैंक, सुमेक्षा विकास बैंक र साहारा विकास बैकलाई एकीकृत गरी गरिमा विकास बैंक बनेको हो । बैंकले अहिले १२४ वटा स्थानबाट सेवा प्रदान गरिरहेको छ ।

# उच्चस्तरीय आर्थिक क्षेत्र सुधार सुझाव आयोगमा निजी क्षेत्र

**काठमाडौं/मस –** सरकारले उच्चस्तरीय आर्थिक क्षेत्र सुधार सुझाव आयोगमा निजी क्षेत्रलाई पनि समावेश गरेको छ । बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले आयोगको सदस्यमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्दप्रसाद ढकाल, नेपाल उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवाल र नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवाललाई थप गरेको हो । उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बिहीबार अर्थ मन्त्रालयमा आयोजित कार्यक्रममा थप गरिएका सदस्यहरूलाई नियुक्तिपत्र र कार्यादेश प्रदान गरे ।

अर्थमन्त्री पौडेलले नवनियुक्त सदस्यहरूलाई बधाइ दिँदै आयोग अर्थतन्त्रका समस्याहरू पहिचान र समाधानका उपायहरू पहिल्याउन समक्ष हुने विश्वास व्यक्त गरे । आयोगमा निजी क्षेत्रको सहभागिताले अपनत्व बढ्नुका साथै जिम्मेवारी पनि थपिएको बताए ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
दावी विरोध सम्बन्धी वैदेशिक रोजगार विभागको सूचना
सूचना प्रकाशित मिति :२०८१/०८/०८

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त तपसिल बमोजिमका श्री FEWA OVERSEAS PVT. LTD. (इ.प.नं. १५५९/०७९/८०) सञ्चालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरू दा. खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेनादेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र सवुद प्रमाण सहित बैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भई जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

तपसिल

| साविक शेयरधनीहरूको नाम/शेयर संख्या | अब कायम हुने शेयरधनीको नाम/शेयर संख्या |
|---|---|
| १. अरुणकुमार मिश्र (०१-१,३०,०००) | १. दिगम्बर ठाकुर (०१-१,३०,०००) |
| २. भरतकुमार ओझा (१,३०,००१-१,६०,०००) | २. रोशनराज मिश्र (१,३०,००१-१,६०,०००) |

# बीवाईडीको ३०औं वार्षिकोत्सवको नेपालमा १०० युनिट डेलिभरी




**काठमाडौं/मस –** बीवाईडीको लागि नेपालको आधिकारिक बिक्रेता साइमेक्स इन्कले बीवाईडीको ३०औं वार्षिकोत्सव र १ करोडौं एनईभी विश्वव्यापी उत्पादनको अवसरमा नेपालभर १०० विद्युतीय गाडी डेलिभरी गरेको छ । यसले नेपाललाई दिगो यातायाततर्फ उन्मुख गराउने प्रयासलाई अझ बलियो बनाउँदै विश्वव्यापी अटोमोटिभ इन्डस्ट्रीमा भएको क्रान्तिकारी नेतृत्व र नेपालमा यसको बढ्दो प्रभावलाई झल्काउँछ ।

साइमेक्स इन्कले बीवाईडी अटो ३, बीवाईडी डल्फिन, बीवाईडी सीलजस्ता मोडलहरू प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका खेलेको छ । यी गाडीहरूमा अत्याधुनिक ब्लेड ब्याट्री प्रविधि, सुरक्षाको उच्चस्तर र उत्कृष्ट प्रदर्शनको कारणले नेपाली ग्राहकहरूको रोजाइमा परेको कम्पनीको दाबी छ ।

विश्वव्यापी रूपमा बीवाईडी १ करोड एनइभी उत्पादन गर्ने पहिलो गाडी निर्मातासमेत बनेको छ । ३० वर्ष पहिले २० कर्मचारीबाट सुरुवात भएको कम्पनी हाल विश्वभर करिव १० लाख कर्मचारी सहितको बहुराष्ट्रिय कम्पनीमा रूपान्तरण भएको छ । बीवाईडीले ५० लाख एनईभी उत्पादन गर्न १५ वर्षको समय लगाएको थियो । तर, अर्को ५० लाख सवारीसाधन उत्पादनको लक्ष्य भने १५ महिनामै हासिल गर्न सफल भएको छ ।

बीवाईडीको स्थापना सन् १९९५ फेब्रुअरीमा भएको थियो । सुरुमा बीवाईडी रिचार्जेबल ब्याट्री उत्पादनमा केन्द्रित थियो । सन् १९९८ मा यो विश्वकै दोस्रो ठूलो ब्याट्री उत्पादक कम्पनी बन्यो । बीवाईडी मोटोरोला र नोकियालाई ब्याट्री उपलब्ध गराउने प्रमुख कम्पनी बन्यो । सन् २००३ मा जियान क्विनचुआन अटोमोटिभलाई प्राप्ति गरेर इन्धनबाट चल्ने सवारीसाधन उत्पादनका साथ बीवाईडी अटोमोटिभ इन्डष्ट्रीमा प्रवेश गरेको थियो ।

**साउदीमा रोजगार**

कम्पनी: GHAYEB MOHAMED AL OTAIBI SONS TRADING & CONTRACTING COMPANY शहर: RIYADH
पुर्व स्वीकृत मिति: २०८१/०४/२८ चलानी नं.: ६०२२३४७४ L.T. No.: 308826 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 4 | 0 | स. काममा दक्ष | 1800 | ६४,६७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: BIN AOUN CONTRACTING COMPANY शहर: RIYADH पुर्व स्वीकृत मिति: २०८१/०८/०७ चलानी नं.: ६०२२८४६३ L.T. No.: 314117

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facilities Cleaning Worker | 18 | 0 | स. काममा दक्ष | 1000 | ३५,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: SKYLARK INFRA CO., LTD शहर: RIYADH पुर्व स्वीकृत मिति: २०८१/०८/०७ चलानी नं.: ६०२२८४६४ L.T. No.: 314118

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & Unloading Workers | 10 | 0 | स. काममा दक्ष | 1000 | ३५,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १५ गते (30 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

FAZAL INTERNATIONAL PVT. LTD.
Gov. Lic. No. 709/064/065
Sinamangal, Kathmandu Tel: 4581208, 4581209, Fax: 4581210

# Gramthan Rural Municipality
## Office of the Rural Municipal Executive
Tetariya, Morang
Koshi Province, Nepal

## Notice for the Letter of Intent

**First Date of Publication 2081-08-07**

Pursuant to Clause 27. of Public Procurement Act 2063, This is to notify all the Bidders who submitted their bids for the Contract Identification No mentioned below as per the Invitation for the Bids Published in the National daily Newspaper Sourya National Daily on 16th October 2024 (GramthanRural/ncb/Goods/09-081-82 Lohandra Khola ko Gitti ra Baluwa utkhanan sankalan tatha Bikri karya) that the following listed Highest Evaluated Substantially Responsive Bidder has been selected to award the contract.

| Contract Id | Name of the Work | Highest Evaluated Substantially Responsive Bidder | Bid Price NRs including VAT |
|---|---|---|---|
| GramthanRural/ncb/Goods/09-081-82 | Lohandra Kholako gitti ra baluwa utkhanan sankalan tatha bikri karya | Jay Maa Kali Nirman Sewa (610294569) | 3,15,01,886.88 |

**Bahrain / UAE मा रोजगार**

Mohammed Ahmadi Co. W.L.L., Bahrain
पुर्व स्वीकृती मिति: २०८१/८/७ चलानी नं: ६०२२८४५० LT No.: 314025

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner General | 30 | 25 | कामामा दक्ष | 100 | ३६,८००।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Cleaning Supervisor | 1 | 1 | | 150 | ५४,६००।- | | | | | | | |
| ३. | General Cleaner Worker | 30 | 0 | | 100 | ३६,८००।- | | | | | | | |
| ४. | General Worker/P.O. | 38 | 0 | | 100 | ३६,८००।- | | | | | | | |
| ५. | Office Boy | 4 | 0 | | 110 | ४०,०००।- | | | | | | | |
| ६. | Security Guard | 5 | 1 | | 120 | ४३,७००।- | | | | | | | |

Genetech Services Co. W L L, Bahrain पुर्व स्वीकृती मिति: २०८१/८/७ चलानी नं: ६०२२८४५५ LT No.: 314024

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner General | 30 | कामामा दक्ष | 100 | ३६,८००।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Cleaning Worker/Packing & Packaging Worker | 20 | | 100 | ३६,८००।- | | | | | | | |

Uniskills W.L.L, Bahrain पुर्व स्वीकृती मिति: २०८१/८/७ चलानी नं: ६०२२८४५९ LT No.: 314078

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | General Cleaner | 100 | 20 | काममा दक्ष | 100 | ३६,८००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

Salasah For Technical Services Contracting Co LLC, UAE
पुर्व स्वीकृती मिति: २०८१/८/७ चलानी नं: ६०२२८४५२ LT No.: 314028

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Helper Steel Fixer | 2 | 0 | कामामा दक्ष | 1300 | ४८,३००।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Mason | 1 | 0 | | 1450 | ५३,८८०।- | | | | | | | |
| ३. | Mason Helper | 1 | 0 | | 1300 | ४८,३००।- | | | | | | | |
| ४. | Shuttering Carpenter | 1 | 0 | | 1350 | ५०,१००।- | | | | | | | |
| ५. | Steel Fixture | 1 | 0 | | 1350 | ५०,१००।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | रु. १०,०००/- कामदार आफैले |

अन्तरवार्ता २०८१ मंसिर १५ गते (30 Nov., 2024) यस प्रा. लि. को कार्यालय बसुन्धारा काठमाडौमा हुनेछ ।

EASY OVERSEAS PVT. LTD.
Easy Overseas
Gov Lic No. : 1261/074/75
Basundhara, Kathmandu, Tel.:01-4016539

**साउदीमा रोजगार**

कम्पनी: THE FIRST SKY FOR CONSTRUCTION शहर: RIYADH
पूर्व स्वीकृत मिति:२०८१/०८/०५ चलानी नं.: ६०२२८४४४ LT. No.: 313908

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker Load And Unload | 5 | 0 | स. काममा दक्ष | 1500 | ५३,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: ABDULLAH YASSER BIN ABDULLAH AL-RASHOUDI RESTAURANTS FOR PROVIDING MEALS शहर: Rayyan
पूर्व स्वीकृत मिति:२०८१/०८/०७ चलानी नं.:६०२२८४४३ LT. No.: 313907

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 4 | 0 | स. काममा दक्ष | 1300 | ४६,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १५ गते (30 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

GLOBAL RISING PLACEMENT PVT. LTD.
Govt. Lic. No. 1616/079/080
Pingalasthan-9, Gaushala, Kathmandu, Nepal
cv@globalrisingplacement.com
www.globalrisingplacement.com 01- 5915317 | 5917318 9801316640, 9801316636, 9801316653.

**कुवेतमा रोजगार**

कम्पनी : NESTO HYPER MARKET COMPANY W.L.L शहर : KUWAIT
पूर्व स्वीकृत मिति: २०८०/११/२३ चलानी नं.: ६०२१६२०६ L.T. No.: 301178 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Warehouse Worker | 22 | 0 | स. काममा दक्ष | 100 | ४३,८६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १५ गते (30 November 2024) मा हुनेछ ।
अन्तर्वार्ता रोज पार्टी प्यालेस, बुटवलमा २०८१ मंसिर १६ गते (1 December 2024) मा हुनेछ ।
अन्तर्वार्ता ग्रेन्ड प्यासिफिक होटल, झापामा २०८१ मंसिर १७ गते (2 December 2024) मा हुनेछ ।

